# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वालवालिकाहरुको विकास आमाको गर्भ देखि नै सुरु हुन्छ । वालवालिकाहरुको पाँच वर्ष सम्मको अवस्थालाई एउटा चुनौतिपूर्ण अवस्थाको रुपमा समेत लिइन्छ । यस अवस्थामा उनिहरुको बृद्धि र विकासका लक्षणहरु प्रशस्त मात्रामा देखा पर्ने हुनाले वालवालिकाको सर्वाङ्गिण विकासात्मक पक्ष आहार, बानी, वातावरण र शिक्षा सम्बन्धि विभिन्न उपयोगि कार्यक्रमहरु सञ्चालन हर्दैं आएका छन् र अझै राम्रो सँग सञ्चालन गर्दै लैजानु पर्ने देखिन्छ ।

तीन देखि पाँच वर्ष सम्मका वालवालिकाहरुलाई प्रदान गरीने ज्ञान, सीप पूर्व प्राथमिक शिक्षा हो । यस तहमा वालवालिकालाई सरसफाई सम्बन्धि आदतको विकास, पोषिलो खानेकुरा खाने बानीको विकास, विभिन्न खेलकुद तथा शारीरिक क्रियाकलापमा संलग्न हुने बानि, अरुले बोलेका कुरा बुझ्ने र आफ्नो बिचार अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास समूहमा सक्रिय रुपमा सहभागि हुने बानीको विकास, आफू भन्दा ठूलालाई आदर गर्ने र आफू समानकालाई माया गर्ने आदतको विकास आदि बारेमा सिकाइन्छ (शिक्षा विभाग, २०६२) । शिक्षा ऐन २०२८ को सातौं संशोधन २०५८ ले पूर्व प्राथमिक विद्यालय भन्नाले ४ वर्ष उमेर पुरा गरेका वालवालिकालाई १ वर्षको पूर्व प्राथमिक शिक्षा दिइने विद्यालय भनि परिभाषित गरेको छ । तसर्थ पूर्व प्राथमिक शिक्षा भनेको ४ वर्ष पूरा गरेका तर ५ वर्ष उमेर पूरा नगरेका वालवालिकालाई दिइने शिक्षा बुझिन्छ ।

त्यसैगरी शिक्षा नियमावली २०५९ का अनुसार ४ वर्ष पूरा नभएका वालवालिकालाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिनका लागि खोलिएको शिशु विकास केन्द्र सम्झनु पर्छ भनिएको छ । यसरी हेर्दा ४ वर्ष सम्मको लागि पूर्व शिशु शिक्षा र ४ वर्ष पूरा भई ५ वर्ष पुरा नहुँदा सम्म दिइने शिक्षा पूर्व प्राथमिक शिक्षा बुझिन्छ (शर्मा, २०६८/६९) । यस तहलाई हाल नर्सरी शिक्षा, शिशु शिक्षा, के.जी. शिक्षा वा वालविकास कार्यक्रमका नामले चिनिन्छ । यस तहमा दिइने शिक्षाको उद्देश्य, विधि, सामग्री, मूल्याङ्कन प्रविधि, मानवीय सम्बन्ध, मनोवैज्ञानिक स्तर, शैक्षिक अनुभव, सिकाई वातावरण, बाल सिकाइका ढाँचाहरु र सारमा समस्त शैक्षिक प्रक्रियाहरुलाई समेटेको एक लिखित दस्तावेजलाई पाठ्यक्रमको रुपमा लिइन्छ (शिक्षा विभाग, २०६२) ।

कुनै पनि कार्य सफल पार्न योजना बनाई कार्यान्वयन गरिनु पर्छ । योजनामा नै कार्यको सफलता वा असफलता निहित हुन्छ पाठ्यक्रम सम्पूर्ण शैक्षिक क्रियाकलापको योजना हो । यसले एउटा निश्चित अवधिभित्र सिकारुहरुमा विकसित हुनुपर्ने आवश्यक ज्ञान, सीप तथा प्रकृति विश्लेषण गरी ती कुराहरु कसरी र कुन रुपमा उनीहरु समक्ष पुर्याउने भन्ने कुरा प्रस्तुत गरेको हुन्छ । शिक्षण सिकाई क्रियाकलाप पश्चात वालवालिकाहरुमा अपेक्षित ज्ञान, सीप र धारणा विकास भए नभएको मूल्याङ्कन

प्रविधि समेत पाठ्यक्रममा उल्लेख गरिएको हुन्छ । पाठ्यक्रम सिकारु, समाज र राष्ट्रको आवश्यकता,चाहना र राष्ट्रिय नीतिलाई समेत ध्यान दिएर तयार गरिएको हुन्छ (अधिकारी, २०६८/६९) ।

व्यवस्थित ढंगले शिक्षा आदान प्रदान गर्नको लागि बनाईएको बृहत दस्तावेज नै पाठ्यक्रम हो । जसले शैक्षिक लक्ष्य तथा उद्देश्यहरु प्राप्त गर्नका लागि शैक्षिक संस्था भित्र तथा बाहिर गरिने प्रयास तथा अनुभवको श्रृङखलालाई जनाउँदछ । पूर्व प्राथमिक तहका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । जसले शैक्षिक पक्षहरु योजनाबद्ध रुपमा सञ्चालन गर्न महत्वपूर्ण भूमिका खेलको हुन्छ ।

वर्तमान परिप्रेक्षमा ३-५ वर्षका वालवालिकाहरुका लागि प्रारम्भिक वालविकास कार्यक्रमको व्यवस्था भएको पाइन्छ । यि वालवालिकाका लागि कार्यक्रम सुनिश्चित गर्न प्रारम्भिक वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षाको प्रावधान अनुरुप यस तहका लागि पाठ्यक्रम तयार पारिएको छ । प्रारम्भिक वाल शिक्षा वालकको वृद्धि, विकाश र सिकाईका लागि ज्यादै महत्वपूर्ण शैक्षिक कार्यक्रम हो । प्रारम्भिक वालअवस्थाका वालवालिकाका लागि उपलब्ध गराईने शिक्षा नै प्रारम्भिक वाल शिक्षा हो । वालवालिकाहरु औपचारिक शिक्षामा प्रवेश गर्नु अगावै ३ देखि ५ वर्षका उमेर भित्र प्राप्त गर्ने शिक्षालाई नै प्रारम्भिक वाल शिक्षा भनिन्छ । यस उमेरका वालवालिकाहरु विशेष गरेर सवेदनशिल, जिज्ञासु र अरुको नक्कल गर्ने स्वभावका हुन्छन् । यस अवस्थाको अन्त्यतिर साथि समूह बनाउने र विद्यालय जाने हुनाले पूर्व वाल समूहको उमेर र पूर्व विद्यालयको उमेर हो भनि मनोवैज्ञानिकहरुले भन्ने गरेको पाइन्छ । यस अवस्थामा भएको विकासले पछिको विकासमा प्रभाव पुर्‍याउने हुनाले वाल शिक्षाको शिक्षक, अभिभावक र अन्य सरोकारवालाको लागि विशेष महत्व छ (उ.मा.शि.आ. प्रतिवेदन, २०५५) ।

प्रारम्भका वर्षहरुमा वालवालिकाहरुको शारीरिक वृद्धि, भाषिक विकास, सिर्जनात्मक क्रियाकलाप, सामाजिक सचेतना र वृद्धि विकास पछि आउने मानव विकासका अन्य तहहरुमा भन्दा अति तिब्र हुन्छ ( श्रेष्ठ, २०६४) । यसर्थ यस अवस्थामा गरेको लगानिले पछि हुने विकासलाई सकारात्मक रुपमा प्रभाव पार्दछ । तसर्थ सुरुको वाल्यवस्थामा विकासका आवश्यकताहरु पुरा पाएका वालवालिकाहरु नपाएकाहरुको तुलनामा उल्लेखनिय रुपमा अति उत्तम भएका वैज्ञानिक प्रमाणहरु भेटिन्छन । यिनै कुरालाई आत्मसाथ गरेर “सबैका लागि  शिक्षा” थाइल्याण्डको जोमटिनमा सन् १९९० मा भएको विश्व सम्मेलनले प्रारम्भिक वाल्यवस्थाका वालवालिकाहरुको गतिविधिहरु विस्तार गर्नु पर्ने कुरामा जोड दिएको छ । वालविकास केन्द्रमा वालवालिकाले भविष्यमा आफूले जान्ने र सिक्नु पर्ने विषयहरुलाई खेल, बालगित, कथा, अवलोकन, चित्र, नाटक जस्ता विभिन्न क्रियाकलापको माध्यमबाट अवधारणागत रुपमा स्पष्ट गरिन्छ । सानै उमेरमा अवधारणा स्पष्ट भएमा वालवालिकाले पछि विद्यालय छाड्ने दर घट्न जान्छ । वालविकास केन्द्रमा शिशुको मानसिक, शारीरिक, संवेगात्मक पक्षको विकास गर्न पर्‍याप्त मौका प्रदान गरिन्छ (श्रेष्ठ, २०६४) । तसर्थ वालविकास केन्द्र प्रारम्भिक वाल्यवस्थाको विकास सम्बन्धि अधिकार सुनिश्चित गर्ने एउटा बलियो माध्यम हुन आएको छ ।

शिक्षा विभागको स्थापना वि.सं.२०५६ सालमा भएको हो । त्यस पश्चात शिक्षा विभाग अन्तर्गत प्रारम्भिक बालविकास शाखाको स्थापना भएको पाइन्छ । त्यस पछि मात्र प्रारम्भिक बाल शिक्षाको सञ्चालन सम्बन्धि केहि व्यवस्था भएको पाउन सकिन्छ । वि.सं. २०५८ सालमा निमार्ण गरीएको प्रारम्भिक वालविकास पाठ्यक्रमलाई परिमार्जन गर्दै हाल पनि उक्त पाठ्यक्रम कार्यान्वयन भएको छ । प्रारम्भिक वालविकास शाखाले प्रकाशन गरेको प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ ले बालकको ३ देखि ८ वर्ष सम्मका लागि दिइने शैक्षिक कार्यक्रमलाई प्रारम्भिक वाल शिक्षा मानिएको छ । प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ मा प्रारम्भिक वालविकास पाठ्यक्रमको लक्ष्य, मुल उद्देश्य, विशेषता, विषयवस्तु, शैक्षिक सामग्री, क्रियाकलाप, अभिभावकको संलग्नता, मूल्याङ्कन प्रविधि जस्ता पक्षलाई उल्लेख गरेको छ । वालविकास पाठ्यक्रमले खेल र वातावरणबाट प्राप्त अनुभवको माध्यमबाट वालवालिकामा अन्तरर्निहित क्षमताको अभिवृद्धि गराई उनिहरुलाई भविष्यमा असल जीवनयापन गर्न सक्षम तुल्याउनु पर्छ । प्रारम्भिक वालविकास पाठ्यक्रमले वालवालिकालाई सकारात्मक दृष्टि राख्ने, सहयोगी, स्वावलम्बी, सामाजिक नैतिक विकासमा टेवा पुऱ्याउने, सृजनात्मक प्रतिभा प्रष्फूटन गर्न सक्ने, दैनिक क्रियाकलाप सञ्चालन गर्ने र प्राथमिक तहको तयारी गर्ने जस्ता शैक्षिक लक्ष्य राखेको छ । शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक आदि पक्षको विकास गराउन वालवालिकाहरुलाई विभिन्न क्रियाकलापमा समावेश गराएर स्थानिय स्तरमा उपलब्ध, सामग्रीको प्रयोगमा पाठ्यक्रमले जोड दिएको छ । नेपाली, गणित, वातावरण, विज्ञान, सामाजिक जस्ता विषयमा आधारभूत ज्ञान दिनु पर्ने पाठ्यक्रममा उल्लेख गरिएको छ । पाठ्यक्रममा निरन्तर मूल्याङ्कनलाई आधार मानि वालवालिकाको स्तर निर्धारण गरि मूल्याङ्कन गरिनु पर्ने व्यवस्था गरिएको छ (शिक्षा विभाग, २०६२)

नेपालको शैक्षिक इतिहासलाई केलाउँदा औपचारीक रुपमा पूर्व प्राथमिक तहको थालनि सरकारी स्तरबाट वि.सं. २००७ सालमा काठमाडौंमा एउटा मन्टेश्वरी स्कूलको स्थापना बाट भएको पाइन्छ । वि.सं. २०२० सालमा उक्त मन्टेश्वरी स्कुल डेमोन्टेसन (हाल ल्याब्रोटरी) स्कुलमा गाभेपछि विद्यालय उमेर नपुगेका स-साना वालवालिकाहरुका लागि वि.सं. २०२१ सालमा शिशु कक्षाको व्यवस्था गर्न खोजिएको पाइन्छ । वि.सं. २०२२ सालमा वालमन्दिरहरुको स्थापना पश्चात शिशु शिक्षा सम्बन्धि कार्यक्रमहरु सञ्चालन भएको पाइन्छ ।

लामो समय देखि प्रारम्भिक वालविकास/पूर्व प्राथमिक शिक्षाका सम्बन्धमा विभिन्न अन्तराष्ट्रिय प्रयासहरु भएको पाइन्छ । शिक्षा विद् जिन ज्याक रुसो, फ्रेडरीक फ्रोवेल, डा. मेरिया मन्टेश्वरी, जस्ता व्यक्तित्वहरुले प्रारम्भिक वालविकास तहमा धेरै योगदान दिएका छन् । सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा “सबैका लागि शिक्षा” विश्व सम्मेलनले लैङ्गिक आधारमा विभेद नगरी छोरा र छोरीलाई समान शिक्षा दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ । सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सबैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्न प्रारम्भिक वाल स्याहार तथा शिक्षाको विस्तार र सुधार गर्न जोड दिएको छ (शिक्षा विभाग, २०६१) ।

नेपालले पूर्व प्राथमिक शिक्षा/वालविकास शिक्षा सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरेको पाइन्छ र हालैका दिनहरुमा सरकारी, गैरसरकारी तथा निजी स्तरबाट वालकको चौतर्फी विकासका लागि प्रारम्भिक वाल विकास शिक्षालाई महत्वपूर्ण रुपमा लिइएको पाइन्छ । वास्तविक रुपमा वच्चाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक सीपहरु विकास गर्ने हो भने कक्षाकोठामा दैनिक गरिने पढाई, लेखाई र गणितीय अवधारणा घोकाउने प्रवृतिलाई निरुत्साहित पारी परम्परावादी शिक्षण पद्धतिलाई उखेलेर फाल्नुपर्छ साथै शिक्षक तालिम, शिक्षकको योग्यता, भौतिक पूर्वाधारको विकास, शैक्षिक सामग्रीको सर्वसुलभता र उपलब्धता, पाठ्यसामग्री र सहायक सामग्रीका लागि उचित व्यवस्थातर्फ उचित नीतिको अवलम्बन गर्दै पूर्व प्राथमिक तहको पाठ्यक्रमलाई सहि रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

शिक्षा नियमावली २०५९ (संशोधन सहित) अनुसार सामूदायिक विद्यालय भन्नाले नेपाल सरकारद्धारा नियमित रुपमा अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालय भन्ने बुझिन्छ । जसको संरक्षण सम्बर्द्धन र विकास गर्ने जिम्मेवारी भने समूदायको हुने गर्दछ । साथै संस्थागत विद्यालय भन्नाले नेपाल सरकारद्धारा नियमित वा अनियमित रुपमा अनुदान नपाउने गरी आफ्नै स्रोत र साधनबाट सञ्चालित कम्पनी ऐन अन्तर्गत दर्ता भएका सेवामुखि र नाफामुखि भावना भएका विद्यालय भन्ने बुझिन्छ । हाम्रो देशमा साधारण र संस्कृत गरी दुई प्रकारका सामूदायिक विद्यालय सञ्चालनमा आइरहेका छन् भने अंग्रेजी भाषालाई प्राथमिकता दिएर खोलिएका संस्थागत विद्यालयहरु पनि प्रशस्त मात्रामा छन् ।

शिक्षा विभागको फल्यास रिपोट (२०६७) का अनुसार नेपालमा प्रारम्भिक वालविकास केन्द्र/पूर्व प्राथमिक तहको विद्यालयको संख्या ३१,०८९ रहेको छ । जसमा समुदायमा आधारित सामूदायिक प्रारम्भिक वाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयको संख्या २६,७७३ (८६.१%) देखिन्छ भने निजी स्तरबाट सञ्चालित संस्थागत प्रारम्भिक वालविकास/पूर्व प्राथमिक विद्यालयको संख्या ४,३१६ (१३.९%) देखिन्छ । "सबैका लागि शिक्षा" राष्ट्रिय कार्ययोजनाले सन् २०१५ सम्ममा ७४ हजार प्रारम्भिक वालविकास केन्द्र स्थापनाको लक्ष्यहरुले नै विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक वाल शिक्षा तथा विकास कार्यक्रमहरुको कार्यान्वयनका लागि आधार प्रदान गरे अनुरुप वि.सं. २०६७ सम्ममा समुदायमा आधारित तथा विद्यालयमा आधारित साथै संस्थागत विद्यालयमा आधारित गरी देशभरी ३१,०८९ वाल विकास केन्द्र सञ्चालित भएको देखिन्छ (शिक्षा विभाग, २०६) ।

यसरी प्रारम्भिक बालविकास कार्यक्रम विकास र विस्तारको लागि प्रयासहरु भएको पाइन्छ । प्रारम्भिक बालविकास पाठ्यक्रममा आवस्यक परिमार्जन हुँदै कार्यान्वयनमा ल्याइएको छ । देशभर प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालन हुँदै आएका छन । तापनि नेपालका हरेक सामुदायका बालबालिकाहरुले प्रारम्भिक बालविकासको शिक्षाको अवसर पाउन सकेको देखिँदैन । संख्यातमक रुपमा कार्यक्रम सञ्चालन भएको भए तापनि प्रारम्भिक बालविकासको पाठ्यक्रम कार्यान्वयन कसरी भइरहको छ ? पाठ्यक्रम कार्यान्वयनमा के-कस्ता समस्या आइपरेका छन् । र समाधानका लागि के-कस्ता

उपायहरु अपनाइएका छन ? जस्ता पक्षहरुमा यथार्थ अध्ययन र लेखाजोखा हुन सकेको छैन । त्यसकारण वर्तमान परिप्रक्षमा प्रारम्भिक बालविकास शिक्षाको लगानि र लक्ष्य अनुरुप प्रतिफल प्राप्त गर्ने हो भने यसतर्फ लेखाजोखा हुन जरुरी छ । यसै तथ्यलाई आत्मसाथ गरी यो अध्ययन गरीएको हो ।

**१.२ समस्याको कथन**

अन्तराष्ट्रिय स्तरमा प्रारम्भिक वालविकास तथा पूर्व प्राथमिक शिक्षाको इतिहास लामो भए पनि नेपालमा यसको इतिहास लामो छैन । वि.सं. २००७ सामला काठमाडौंमा मन्टेश्वरी स्कुलको स्थापना भए बाट औपचारीक रुपमा नेपालमा प्रारम्भिक वाल शिक्षाको सुरुवात भएको मानिन्छ । औपचारिक रुपमा विद्यालयमा प्रवेश गर्नुभन्दा पहिला ३ देखि ५ वर्ष बीचमा दिइने शिक्षा नै पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक वाल शिक्षा हो । बढी जिज्ञाशु, संवेदनशील एवं विकासको संघारमा रहेका यस तहका वालवालिकालाई पूर्व प्राथमिक शिक्षा दिनु अहिलेको परिप्रेक्ष्यमा अति आवश्यक देखिन्छ ।

नेपालमा सरकारी, गैरसरकारी तथा निजी गरी विभिन्न निकायबाट प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन हुँदै आएका छन् । सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजनाले सन् २०१५ सम्ममा ७४,००० प्रारम्भिक वालविकास केन्द्रहरु स्थापना गर्ने लक्ष्य राखेको छ । नेपालमा हाल सरकारी विद्यालयमा र ग्रामिण क्षेत्रमा प्रारम्भिक बालविकास केन्द्र एवम् बजार इलाकामा निजी मन्टेश्वरी विद्यालयहरुको सङ्ख्यामा तिब्र वृद्धि भएको छ ।

वि.सं. २०५८ सालमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, प्रारम्भिक वाल विकास शाखाले पूर्व प्राथमिक तहको पाठ्यक्रम तयार गरी सञ्चालन गर्दै आएको छ । पूर्व प्राथमिक तहको उद्देश्य, लक्ष्य के राख्ने, विषयवस्तु के-के समेट्ने, शैक्षिक सामग्री कस्तो प्रयोग गर्ने, शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक र नैतिक क्रियाकलाप कसरी सञ्चालन गर्ने, मूल्याङ्कन प्रविधि कस्तो अपनाउने भन्नेकुरा उक्त पाठ्यक्रममा तोकेएको छ ।

सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व पाथमिक शिक्षा/प्रारम्भिक वालविकास कार्यक्रममा पाठ्यक्रम कार्यान्वयन कसरी भईरहेको छ ? सामूदायिक र संस्थागत दुवै विद्यालयको शैक्षिक, भौतिक अवस्था कस्तो छ ? विद्यालयमा पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमका शैक्षिक उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रविधि के कस्तो छ ? पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्या आइपरेका छन र समाधानका लागि के के उपायहरु अपनाइएका छन् ? भन्ने कुरा पहिचान गर्नका लागि "सामूदायिक र संस्थागत विद्यालयमा पुर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन" शीर्षक छनौट गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययनको आफ्नै महत्व रहेको हुन्छ । अर्थपूर्ण समस्या समाधानका लागि, नयाँ नयाँ तथ्यपूर्ण ज्ञान प्रतिपादनका लागि र प्रभावकारीता तथा उपयोगिताको दृष्टिकोणले अध्ययन कार्यलाई अगाडी सारीएको हुन्छ । देश निर्माणका लागि भविष्यका कर्णधार बन्ने बालवालिकाहरुको हक हित एवं अधिकारको संरक्षण र सम्बद्धन गर्ने तथा वातावरण सित सामञ्जस्य कायम गर्दै बाँच्नका लागि शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक पक्षको विकासको आधार निर्माण गर्नका लागि पूर्व प्राथमिक कक्षा संचालन भइ रहेका छन । बालवालिकाहरुको पूर्व प्राथमिक शिक्षा लिने उमेर भनेको अति तिब्र रुपमा विकास हुने उमेर हो । तसर्थ यस उमेरमा बालवाविकाहरुलाई उचित शिक्षा दिनु अपरीहार्य हुन्छ । जसले गर्दा उनिहरुको सम्पूर्ण क्षेत्रको विकास कमिक रुपले अघि बढ्दै जाने हुन्छ । त्यसैले उनिहरुको जग राम्रो बनाइदिएमा पछि भविष्यमा उनिहरुमा राम्रो प्रभाव पर्न जान्छ त्यसैले गर्दा बालवालिकाहरुलाई पूर्व प्राथमिक शिक्षा दिनु अति आवश्यक हुन्छ । पूर्व प्राथमिक तह बालबालिकाहरुको सर्वाङ्गीण पक्षको विकाश गर्न, प्राथमिक विद्यालयका लागि पूर्व तयारी गर्ने अभिप्रायले सञ्चालन गरिएको हो । देशभर प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालन हुँदै आएका छन तापनि नेपालका हरेक सामुदायका बालबालिकाहरुले प्रारम्भिक बालविकासको शिक्षाको अवसर पाउन सकेको देखिँदैन । संख्यातमक रुपमा कार्यक्रम सञ्चालन भएको भए तापनि प्रारम्भिक बालविकासको पाठ्यक्रम कार्यान्वयन कसरी भइरहको छ, पाठ्यक्रम कार्यान्वयनमा के-कस्ता समस्या आइपरेका छन् र समाधानका लागि के-कस्ता उपायहरु अपनाइएका छन, जस्ता पक्षहरुमा यथार्थ अध्ययन र लेखाजोखा हुन सकेको छैन । प्रारम्भिक बालविकास कार्यक्रमहरु सञ्चालन भइरहेका सरकारी र संस्थागत विद्यालयहरुमा वालवालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक पक्षको विकाश हुने गरी पाठ्यक्रमको निर्माण र सोहि अनुसार शैक्षिक कियाकलाप संचालन गरिनुपर्दछ । तर्सथ यस अध्ययनको निम्नलिखित औचित्य रहेको छ ।

(क) सामुदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहको पाठ्यक्रम के कसरी कार्यान्वयन भएको छ सो सम्बन्धि जानकारी प्राप्त गर्न ।

(ख) सामुदायिक तथा संस्थागत विद्यालयलाई वाल शिक्षामा सुधार गर्न सचेत गराई गुणस्तरीय शिक्षा प्रदान गर्न ।

ग) पूर्व प्राथमिक वालविकास/पूर्व प्राथमिक शिक्षा सञ्चालन गर्ने संस्थालाइ ।

(घ) पाठ्यक्रम निर्माण गर्ने निकायलाई ।

ङ) सम्बन्धि विषयमा अध्ययन गर्न चाहनेलाई ।

च) पूर्व प्राथमिक पाठ्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र उद्देश्यमूलक बनाउन सरोकारावालाहरुलाई ।

### १.४ अध्ययनको उद्देश्य

लक्ष्यमा पुग्ने प्रभावकारी माध्यम भनेको नै उद्देश्य हो । तसर्थ कुनै पनि अध्ययन तथा अनुसन्धानमा उद्देश्यको महत्वपुर्ण भूमिका हुन्छ । यस अध्ययनको प्रमुख उद्देश्य सामुदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नु भए तापनि विशिष्ट उद्देश्यहरु निम्न अनुसार छन् ।

(क) सामुदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यान्वयनको तुलना गर्नु ।

(ख) पूर्व प्राथमिक तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा आइपरेका समस्या र समाधानका लागि अपनाईएका उपायहरु पत्ता लगाउनु ।

### १.५ अध्ययनको परिसिमा

वालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले निर्दिष्ट पूर्व प्राथमिक पाठ्यक्रम/प्रारम्भिक वालविकास पाठ्यक्रम वर्तमान समयमा कसरी कार्यान्वयन भइरहेको छ । कार्यान्वयनमा के कस्ता समस्याहरु आइपरेका छन्, समाधानका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ भन्ने सन्दर्भमा व्यापक रुपमा अध्ययन गरी सुझावहरु प्रस्तुत गर्न आवश्यक भए तापनि स्रोत, साधन र समयको सीमितताको कारणले गर्दा अध्ययनका लागि निम्नानुसार सिमा निर्धारण गरिएको छ ।

(क) यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण सिकाई क्रियाकलाप, मूल्याङ्कन आदि पक्षको तुलनामा सिमित गरिएको छ ।

(ख) यस अध्ययन रौतहट जिल्ला सन्तपुर (म) गा.वि.स. अन्तर्गत रहेका सामूदायिक (७ वटा) र संस्था गत (६ वटा) विद्यालयहरु मध्ये बाट २/२ वटा गरि ४ वटा विद्यालयमा सिमित गरिएको छ ।

(ग) यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित शिशु कक्षा तथा नर्सरी कक्षामा मात्र सिमित गरीएको छ ।

(घ) यस अध्ययनका लागि असंरचित अन्तवार्ता, लक्षित समुह छलफल, कक्षा अवलोकन फारम जस्ता साधनको प्रयोग गरिएको छ ।

(ङ) यस अध्ययनबाट प्राप्त निष्कर्षलाई सामान्यिकरण गर्न सकिने छैन ।

(च) यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको अध्ययनमा सिमित गरिएको छ ।

(छ) पूर्व प्राथमिक शिक्षालाई व्यवस्थित रुपमा सञ्चालन गर्न र उद्देश्यमूलक बनाउन सरोकारवालाहरुलाई सहयोग पुग्नेछ ।

(ज) सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्या र समाधानका उपायहरु पत्ता लगाउनमा मात्र सिमित गरिएको छ ।

**१.६ अध्ययन स्थलको परीचय**

मध्यमञ्चल विकाश क्षेत्रको नारायणी अञ्चल अन्तर्गत पर्ने तराई जिल्लाको रुपमा रौतहट जिल्ला पर्दछ । यो जिल्ला २६ १४ उत्तरीअक्षांश र ८५ १४ देखि ८५ ३० पूर्वी देशान्तरका बिचमा अवस्थित छ । हावा पानिको दृष्टिकोणले अर्ध उष्ण रहेको यस जिल्लाको उत्तरी भेगमा चुरे पहाड पर्दछ । यस जिल्लामा जम्मा ४१७ वटा विद्यालयहरु रहेका छन, जसमध्ये ३०७ वटा प्रा. वि. ,४४ वटा नि. मा. वि. ,३५ वटा मा. वि . र ३१ वटा उच्च मा. वि. हरु रहेका छन् (शिक्षा विभाग, २०६७) । रौतहट जिल्लाको कुल साक्षारता प्रतिशत लाई हेर्ने हो भने यस जिल्लाका ३७ % मानिसहरु मात्र साक्षार रहेका छन् ।

रौतहट जिल्लामा कुल ९६ वटा गा. वि. स. हरु रहेका छन् जसमध्ये सन्तपुर (म.) गा. वि. स. पनि एक हो । पूर्व पश्चिम महेन्द्र राजमार्गको चन्द्रनिगाहपुर देखि ४ कि. मी. दक्षिणमा पर्ने सन्तपुर (म.) गा. वि. स. को पूर्वमा चाँदि नदि र डुमरीया गा. वि. स.को कोही भाग, पश्चिममा चारकोसे झाडी जंगल, उत्तरमा चन्द्रनिगाहपुर गा. वि. स. र दक्षिणमा डुमरीया गा. वि. स. र सिमरा भवानिपुर गा. वि. स. पर्दछ ।

सन्तपुर (म.) गा. वि. स. वडा नं.१, २, ३, ४ अन्तर्गत रहेका दुई वटा समूदायिक र दुई वटा संस्थागत विद्यालयलाई उदेश्यमूलक नमुना छनौट विधिका आधारमा छनौट गरी नमूनाको रुपमा लिई अध्ययन कार्य सम्पन्न गरियको थियो ।

## अध्याय दुई

## पूर्व साहित्यको समिक्षा

पूर्व साहित्यको समिक्षा भन्नाले आफूले अध्ययन गर्न लागिएको विषयसँग सम्बन्धित खोज विभिन्न अनुसन्धान, लेख रचना आदिको अध्ययन हो । यस अध्ययनमा पनि आफ्नो अध्ययन सँग सम्बन्धित विभिन्न अनुसन्धान, खोज, लेख, रचना आदिको अध्ययन गरी पहिला भएका कार्यहरु के के छन् ? कहाँ कसरी र कुन कुन विधिबाट गरिएका छन् ? भनेर विवेचना गर्ने कार्य पूर्व साहित्यको समिक्षामा गरिन्छ । सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ ।

यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गरिने हुँदा सैद्धान्तिक र दस्तावेज तथा अनुसन्धान प्रतिवेदनको समिक्षा गरिएको छ ।

### २.१ प्रारम्भिक बालविकासको सैद्धान्तिक आधार

पूर्व प्राथमिक शिक्षाको सम्बन्धमा विभिन्न शिक्षाविद तथा मनोवैज्ञानिकहरुले विभिन्न विचार तथा सिद्धान्तहरु प्रतिपादन गरेका छन । सोहि विचार तथा सिद्धान्तमा आधारित भएर अध्ययन कार्यलाई सम्पन्न गरिएको छ । साथै यो पूर्व प्राथमिक शिक्षाले सबै वालवालिकाको आफ्नो उमेर र रुची अनुसारको शिक्षा हासिल गर्न सकुन भन्ने उद्देश्य राखेको र विभिन्न बाल मनोवैज्ञानिकहरुको विचारले पनि यसै कुरालाई अनुसरण गरेकाले साहित्यको पुनरावलोकन गर्ने क्रममा रुसो, मन्टेश्वरी तथा फ्रोवेलको सिद्धान्तलाई मुख्य रुपमा अनुसरण गरिएको छ ।

प्रारम्भिक बालविकासको सम्बन्धमा रुसो, मन्टेश्वरी तथा फ्रवेल जस्ता विशिष्ट व्यक्तिहरुले आ-आफ्ना धारणाहरु व्यक्त गरेको भए तापनि हाल नेपालमा सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम वि. स. २००७ सालमा काठमान्डौंमा स्थापना भएको मन्टेस्वरी स्कुलको विकसित र विस्तारित रुप हो । प्रारमिभक बालविकास पाठ्यक्रम मन्टेस्वरी र फ्रोबेलको सिद्धान्तमा आधारित छ । तर कार्यान्वयन भने पूर्ण रुपमा सो बमोजिम हुन सकेको छैन । प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयनको कार्यथलोको रुपमा रहेका बालविकास केन्द्रहरुले न त मन्टेस्वरी बालगृहको रुप लिन सकेका छन, न त फ्रोवेलको बाल उत्थानको रुप । तैपनि सीमित भौतिक सुविधा र शैक्षिक सामग्रीको प्रयोग गरेर निकै कठिनका साथ केहि बालवालिकाहरुको चौतर्फी विकासको आधार निर्माण गर्ने कार्य भएको मान्न सकिन्छ ।

प्रारम्भिक बालविकास कार्यक्रम विकास र विस्तारको लागि प्रयासहरु भएको पाइन्छ । प्रारम्भिक बालविकास पाठ्यक्रममा आवस्यक परिमार्जन हुँदै कार्यान्वयनमा ल्याइएको छ । देशभर प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालन हुँदै आएका छन । तापनि नेपालका हरेक सामुदायका बालबालिकाहरुले प्रारम्भिक बालविकासको शिक्षाको अवसर पाउन सकेको देखिँदैन । संख्यातमक रुपमा कार्यक्रम सञ्चालन

भएको भए तापनि प्रारम्भिक बालविकासको पाठ्यक्रम कार्यान्वयन कसरी भइरहको छ ? पाठ्यक्रम कार्यान्वयनमा के-कस्ता समस्या आइपरेका छन् । र समाधानका लागि के-कस्ता उपायहरु अपनाइएका छन ? भन्ने सम्बन्धमा यो अध्ययन गर्न लागिएको हो ।

यो अध्ययन गर्न लागिएको पूर्व प्राथमिक शिक्षाका वालक्रियाकलापहरु पनि ज्ञानेन्द्रियवाट प्रत्यक्ष ज्ञान प्राप्त गर्नुपर्दछ भन्ने मान्यतामा आधारित छन् किनकी वालवालिकालाई प्रत्यक्ष रुपमा पूर्व प्राथमिक तहमा विभिन्न क्रियाकलापहरु गराईन्छ । उनीहरुले कुनै पनि कुरा हेरेर, देखेर, सुनेर, गरेर ज्ञान प्राप्त गर्दछन् । वालकको प्राकृतिक स्वभाव र इच्छा अनुसार स्वतन्त्रतापुर्वक दिईने शिक्षाको पक्षमा प्रकृतिवादीहरु रहेका छन् । त्यसैले प्रकृतिवादी दर्शन र यो अध्ययन गर्न लागिएको विषय एकअर्कामा अन्तरसम्वन्धित छ भन्न सकिन्छ ।

रुसोका अनुसार बालकलाई स्वतन्त्र रुपले बाँच्न दिई स्वतन्त्र रुपले सिक्ने मौका दिनु पर्दछ । बालकलाई असल नागरिक बनाउने हो भने डर र त्रास नदिई बालमैत्रीपूर्ण वातावरण दिनुपदर्छ । ज्ञान इन्द्रियबाट प्राप्त हुन्छ तसर्थ प्रभावकारी शिक्षणका लागि बालकलाई इन्द्रियबाट प्राप्त अनुभव दिनुपर्छ । उनका अनुसार शिक्षा प्राकृतिक जीवन विकासको एक प्रक्रिया हो ।

उनको मुख्य मान्यता भनेको Return of nature हो । बालकलाई बालकेन्द्रित वातावरणमा नै सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उनको धारणा थियो । उनका अनुसार शिक्षाको उद्देश्य बालकको अन्तर्निहित शक्ति, गुण र क्षमताको विकास गर्ने खालको हुनु पर्दछ । शिक्षले मानिसलाई सफल जिवनयापन गर्न सक्ने योग्य तुल्याउनु पर्दछ । शिक्षा आनन्ददायक, तर्कयुक्त, सन्तुलित, उपयोगि र प्राकृतिक जीवनको विकासको प्रक्रियाका रुपमा रहनु पर्ने कुरामा जोड दिएका छन (पोखल, २०६२) ।

फ्रोवेलका अनुसार राम्रो वातावरण शिशुलाई दिन सके मात्र शिशुको विकास चौतर्फी हुन्छ, भन्ने मान्यता राख्ने फ्रोवेलले किन्डरगार्टन नामकरण गरी आफ्नो विद्यालयलाई वाटिकासँग तुलना गरेका थिए । बगैंचाका फुलहरुसँग शिशुको तुलना गरी फ्रोवेलले आत्मा क्रियाकलापबाट सिकाउनुपर्ने कुरालाई बढी जोड दिएका छन् । किताबी ज्ञान नभई स्वतन्त्र रुपमा बालकेन्द्रित सिकाई हुनु पर्ने उनको मान्यता थियो । कुनै पनि बालबालिकाको शिक्षा एक्लै पूर्ण हुँदैन जसका लागि बरु बालबालिकासँग घुलमिल हुनुपर्दछ । आत्मा क्रियाकलापद्धारा शिक्षा भन्नु नै गरेर सिक्नु हो । फ्रोवेलको किन्डरगार्टन विधि पनि गरेर सिक्ने सिद्धान्तमा आधारित छ (जोशी, २०५४) ।

फ्रोवेलको शिक्षाको उद्देश्य भनेको शिक्षाले बालकको मस्तिष्कमा ज्ञान थोपर्नेमात्र नभएर "Unity in diversity and diversity in unit" को भावना बुझ्न सक्षम बनाउनु पर्छ । सामाजिक वातावरणमा बालकलाई आफै विभिन्न क्रियामलापद्वारा सिक्ने अवसर दिनुपर्छ । बालबालिकाहरुको शिक्षा उनिहरुको इच्छा, रुचि, तथा प्रकृति अनुसारको हुनु पर्छ । बालबालिकाहरुको कल्पना शक्तिको विकास गर्न गीत गायन, नाच्न, विभिन्न अङ्गहरु प्रयोग गरी हाउभाउ गर्न, रचनात्मक कार्य आदि गराउनु पर्छ । बालकलाई स्वतन्त्र वातावरणमा हुर्कन दिनुपर्छ । उनका अनुसार बालबालिकामा अन्तर्निहित र नैसर्गिक

मानवीय गुणहरुको स्वच्छ पूर्वक विकास गर्नु शिक्षणको मुख्य उद्देश्य हो । जसरी बगैंचामा फूलहरु पनि, मलजल दिएर हुर्कायनुपर्छ त्यसरी नै बालरुपी फूललाई स्वतन्त्र वातावरणमा हुर्कने मौका दिनुको साथै स्याहार सम्भार र संरक्षण दिनु पर्छ भन्ने उनको मान्यता रहेको छ । उनले कुनै पाठ्यक्रमको निर्माण नगरे पनि विद्यार्थी केन्द्रित र खेल विधिबाट बालबालिकालाई ज्ञान दिनुपर्ने कुरामा जोड दिएका छन ( पोखल, २०६२) ।

मन्टेस्वरीका अनुसार शिक्षा भन्नु नै विकास हो । विकास बालवालिकाहरुको मनभित्रबाट आउनु पर्छ । बालवालिकाहरुको जन्मजात गुणहरुलाइ पूर्ण रुप दिनु नै शिक्षा हो । सन् १९०७ मा children's house को पहिलो सुपरभाइजर बनेकी मन्टेश्वरीले वैज्ञानिक पद्धति अनुसार शिक्षण गर्ने विधिको विकास गरिन । हरेक बालक फरक फरक हुन्छ र आफ्नो गतिका आधारमा प्रगति गर्दै जान्छ भन्ने उनको मान्यता थियो (जोशी, २०५४) ।

प्रत्येक विद्यार्थीको पढ्ने, लेख्ने क्षमता फरक फरक हुन्छ । बच्चाको अभिवृद्धि र विकासमा कुनै पनि प्रकारको बाधा रोकावट गर्नुहुँदैन । बालकले स्वतन्त्र वातावरणमा स्वतन्त्र क्रियाकलापबाट आत्मनियन्त्रण गर्दै सिक्नुपर्छ । अरुबाट दिइने शिक्षा भन्दा आफै नै प्राप्त गरिने शिक्षा नै वास्तविक शिक्षा हो । प्रत्येक बालकले आफ्नो गतिमा सिक्न पाउनुपर्छ । वालवालिकाको अन्तर्निहित प्रतिभालाई प्रस्फूटन गराउन स्वतन्त्र वातावरण दिनुपर्ने र वालकेन्द्रित विधिबाट एवं शिक्षण गरिनु पर्ने, वालवालिकाहरुको सिकाइलाई तिब्र बनाई स्वसिकाइ गराउनु पर्ने र शारीरिक अभ्यास द्धारा मांसपेशीलाई मजबुत बनाउनु पर्ने उनको मान्यता थियो । क्रियात्मक शिक्षा अन्तर्गत बालकको मांशपेशीहरु सञ्चालन गर्न प्रशिक्षण लिनेजस्ता कार्यहरु पर्दछन् । जसमा हिड्ने, डुल्ने, बस्ने, मुख धुने, दाँत माझ्ने, शारीरिक व्यायाम आदि पर्दछन । यसको मुख्य उद्देश्य शारीरिक अङ्गहरुलाई सन्तुलन गरी सञ्चालन र प्रयोग गर्ने बानी बसाल्नु हो । यसबाट आत्मविश्वास, आत्मनिर्भर र स्वतन्त्रताको ज्ञान प्राप्त हुन्छ भन्ने कुरामा जोड दिएकी छिन (पोखल, २०६२) ।

## २.२ नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी प्रयास

नेपालमा पूर्वप्राथमिक शिक्षाको अवधारणा वि. स. २००७ सालमा भएको देखिन्छ । आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्वप्राथमिक शिक्षा सम्बन्धि औपचारिक प्रयासको थालनी सरकारी स्तरमा वि. स. २००७ सालमा काठमाडौंमा एउटा मण्टेश्वरी स्कुलको स्थापना भएको पाईन्छ (रा. शि. आ. को प्रतिवेदन २०४९) । वि. सं. २०२० सालमा उक्त मण्टेश्वरी तत्कालिन डेमन्स्ट्रेसन स्कुलमा गाभेपछि विद्यालय उमेर नपुगेका स-साना केटाकेटिका लागि २०२१ सालमा शिशुकक्षाको व्यवस्था गर्न खोजेका देखिन्छ । यसै सन्दर्भमा २०२२ सालदेखि वालमन्दिरको स्थापना जिल्ला सदरमुकामहरुमा शिशु शिक्षा सम्बन्धि कार्यक्रमहरु सञ्चालन भएको पाइन्छ । वि.स. २०२८ सालदेखि पूर्वप्राथमिक शिक्षा निजी क्षेत्रमा संचालन गर्ने सरकारी नीति स्पष्ट भएपछि सञ्चालन भएको पाईन्छ ।

नेपालमा गठित शिक्षा सम्बन्धी विभिन्न समिति, आयोग तथा योजनाहरुले पनि पूर्वप्राथमिक शिक्षालाई परिभाषित गर्दै संचालनको लागि सुझाव प्रस्तुत गर्दै आएका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले ३ वर्ष पुगी ५ वर्ष ननाघेका वालवालिकाहरुलाई प्रत्यक टोल र गाउँमा १/१ वटा मनोरञ्जन र खेलकुदको व्यवस्था भएका वालउद्यानको स्थापना गर्न पूर्वप्राथमिक विद्यालयको व्यवस्था गर्नुपर्नु सुझाव पेस गरेको थियो भने पूर्वप्राथमिक शिक्षाको औपचारिक परीभाषाको सन्दर्भमा शिक्षा ऐन २०२८ ले ३ वर्ष उमेर पुरा गरेका तर ५ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने शिक्षालाई पूर्वप्राथमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । त्यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ ले ४ वर्ष पुगेका बालबालिकाहरुको चौतर्फि विकाशलाई ध्यानमा राखी १ वर्षे पूर्व प्राथमिक शिक्षालाई प्रोत्साहन गर्नुपर्ने कुरामा जोड दिएको छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले शैक्षिक संरचनाभित्र १ वर्षे पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ भने उच्चस्तरिय कार्यसमिति २०५८ को प्रतिवेदनमा शिशु विकास कार्यक्रम २ वर्षको हुनुपर्ने, त्यस्तो कार्यक्रम संचालन, रेखदेख र व्यवस्थापनको दायित्व गा. वि. स. वा नगरपालिकाको हुनुपर्ने र त्यसको लागि सरकारले एकमुस्ठ अनुदान दिनुपर्ने तथा उक्त कार्यक्रमलाई अधिराज्यव्यापी रुपमा विस्तार गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

नेपालमा शिक्षा मन्त्रालय अर्न्तगत २०२५ सालदेखि शिशुशिक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको देखिन्छ । उक्त पाठ्यक्रमलाई २०२९ सालम शिशुकक्ष व्यवस्था नियमावलीद्धारा सुव्यवस्थित गने प्रयास भएको देखिन्छ । त्यसैअनुसार समय समयमा पाठ्यक्रम विकास केन्द्रिद्धारा शिक्षक तथा प्रधानाध्यापकहरुलाई तालिम तथा गोष्ठीहरु आयोजना हुदै आएको देखिन्छ । यास्ता प्रयासहरु हुँदाहुँदै पनि नेपालमा सरकारी स्तरबाट पूर्वप्राथमिक शिक्षाको विकासका सम्बन्धमा धेरै योगदान हुन सकेको देखिंदैन । धेरैनसो बालविकास र बालशिक्षा सम्बन्धी कार्यक्रमहरु खासगरी निजी क्षेत्रबाट सञ्चालन छन् र ती कार्यहरुबाट विद्यार्थीको सर्वाङ्गीण विकास भन्दा प्राथमिक शिक्षाको पूर्व तयारीको रुपमा बालबालिकाहरुलाई अनावस्यक रुपमा किताबको भारी बोकाई अंङ्ग्रेजी, गणीत, नेपाली, सामाजिक शिक्षाजस्ता विभिन्न विषयमा शिक्षा प्रदान गर्ने परिपाटिको विकाश भएको पाइन्छ र त्यो पनि सहरी क्षेत्रमा सीमित भएकोले त्यस अवसरलाई ग्रमीण क्षेत्रसम्म विस्तार गरी ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरलाई मनोवैज्ञानिक तरीकाबाट स्तरयुक्त शिक्षाको अवसर दिलाउने उद्देस्यले आर्थिक वर्ष २०४८/०४९ मा मध्य पशिचमाञ्चल विकास क्षेत्रको सुर्खेत जिल्लाका केही विद्यालयमा परीक्षणको रुपमा शिशुकक्षा सञ्चानल गरीएको पाइन्छ ।

वि. स. २०५६ सालमा शिक्षा विभागको स्थापना भए पश्चात शिशुकक्षाहरु समूदायमुलक बालविकास केन्द्रको रुपमा सञ्चालन हुन थालेको पाईन्छ । त्यसपछि शिक्षा विभागले वालविकाश केन्द्रको कोटा वृद्धी गरी अन्य केन्द्रहरु विस्तार गर्ने क्रममा २०५९ सालसम्ममा ६१ जिल्लमा जम्मा ४२३० वालविकास केन्द्रहरु सञ्चालन भइरहेको पाइन्छ भने दशौं योजनमा नेपाल अधिराज्यमा १३००० समुदायमा अधारीत वालविकास केन्द्र सञ्चालन गर्ने लक्ष्य राखेको छ । यसरी दिनानुदिन वालाविकास केन्लद्रहरु विद्ध भईरहेको अवस्थामा स्वतन्त्र रुपमा खेल तथा क्रियाकलापको माध्यमबाट बालवालिकाको

शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको विकास गरी बालवालिकाको उमेर र तहअनुसारको ज्ञान र सिप प्रदान गर्न २०५८ सालमा नेपाल सरकार, शिक्ष तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग अर्न्तगत वालविकास शाखा अर्न्तगत प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयन भइरहेको देखिन्छ ।

## २.३ सम्बन्धित अध्ययनहरुको पुनरावलोकन

पूर्व प्राथमिक शिक्षाको सम्बन्धमा रुसो, पेस्तालजी, जोन डिवे, मन्टेश्वरी र पियाजे जस्ता विशिष्ट व्यक्तिहरुले आ-आफ्नो धारणाहरु व्यक्त गरेको भए तापनि हाल नेपालमा सञ्चालित प्राथमिक वालविकास कार्यक्रम वि.स. २००७ सालमा काठमाडौंमा स्थापना भएको मन्टेश्वरी स्कुलको विकसित र विस्तारित रुप हो । प्रारम्भिक वालविकास पाठ्यक्रम मन्टेश्वरी र फ्रोवेलको सिद्धान्तमा आधारित छ । तर कार्यान्वयन भने पूर्ण रुपमा सो बमोजिम हुन सकेको छैन । पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यथलोको रुपमा रहेका वालविकास केन्द्रहरुले न त मन्टेश्वरीको वालगृहको रुप लिन सकेका छन् न त फ्रोवेलको वाल उत्थानको रुप नै लिन सकेका छन् । यस्तो परिस्थितीमा सिमित शैक्षिक समग्र र भौतिक सुविधाको प्रयोग गरेर कठिन परिस्थितीमा वालवालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासको आधार निर्माण गर्ने कार्यको प्रयास विभिन्न सरकारी, गैरसरकारी तथा निजी स्तरबाट भएको पाइन्छ ।

युनेस्को (२००८) को एक रिपोर्ट अनुसार सन् २०१५ सम्ममा ३ देखि ५ वर्ष सम्मका ८० प्रतिशत वालवालिकाहरुलाई प्रारम्भिक वाल हेरचाह सेवा पुऱ्याउने लक्ष्य लिइएको छ । यसैगरी सन् २०१५ सालमा कक्षा १ मा प्रारम्भिक वाल हेरचाह सम्बन्धि सेवा पाएका नवप्रवेशीहरु ८० प्रतिशत पुऱ्याउने लक्ष्य लिईएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभाग बाट २०६२ सालमा निर्माण गरिएको प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) पनि वालशिक्षालाई जोड दिदै स्वतन्त्र रुपमा सामग्रीको प्रयोग गरी निरन्तर मूल्याङ्कन गर्दै कार्यक्रम सञ्चालन गर्नु पर्ने भनि पूर्व प्राथमिक तहको लागि पाठ्यक्रमको निर्माण गरेको छ (शिक्षा विभाग, २०६२) ।

प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका (२०६७) अनुसार वालवालिकाको उमेर अनुसार चौतर्फी विकास, सिकइ क्षमता, कक्षा १ मा विद्यालय भर्ना हुन तयारी गर्ने अभिप्रायले समुदायले सञ्चालन गरेको केन्द्रलाई समुदायमा आधारित वालविकास केन्द्र भनेको छ । यस प्रकारको केन्द्रमा ३ र ४ वर्ष उमेर पुगिसकेका दुई उमेर समुहका वालवालिकाहरुलाई एउटा स्थानमा बसेर सिक्ने वातावरण बनाइन्छ । यस्तो केन्द्र सञ्चालन गर्न एउटा सहजकर्ताको व्यवस्था गरिन्छ । यस प्रकारको केन्द्र प्राथमिक विद्यालयको पहुँच भन्दा करीब १० देखि १५ मिनेट टाढा हुनु पर्ने कुरा उल्लेख गरिएको छ । विशेष गरी यस प्रकारको वाल विकास केन्द्रले ३ र ४ वर्ष पुगेका ग्रामीण क्षेत्रमा सबै वालवालिकाको वालविकास गर्ने अधिकार सुनिश्चित गर्न लक्षित गरिन्छ  भन्ने कुरा उल्लेख गरिएको छ ( शिक्षा विभाग, २०६७) ।

घिमिरे (२०००) ले “A study of cognitive & perceptual development of five year old children” शिर्षकमा रहेर अध्ययन गरिएको पाईयो । जसमा पाँच वर्षका बालबालिकाहरुले आफूले चिनेका जनावरहरुको स्वर छुट्याउन र धारण गर्न सक्नेछन् र कुकुर लगायत घर पालुवा जनावरहरुको नाम भन्न पनि सक्नेछन् भनि अध्ययनमा निष्कर्ष निकालेका छन् ।

अर्याल (२००२ ई .स.) ले “A study of early childhood education programme in Nepal” नामक पि. एच. डि. शोधपत्रमा नेपालमा प्रारम्भिक बाल शिक्षा कर्यक्रमको वर्तमान अवस्था, प्रयोग, भौतिक पूर्वाधारको अवस्था, शैक्षिक रणनीतिहरु, पाठ्यक्रमको प्रयोग, भर्ना प्रक्रिया र मूल्याङ्कन प्रक्रिया तथा प्रारम्भिक बालशिक्षालाई सुधार गर्न अपनाउनु पर्ने रणनीति पत्ता लगाउने प्रमुख उद्देश्य राखि अनुसन्धान गरीएको छ । उत्त अनुसन्धानमा सामूदायिक पूर्व प्राथमिक तहमा अध्यापन गराउने ५० प्रतिशत शिक्षकले मात्र तालिम पाएको देखिएको छ । अधिकांश अभिभावकले यस तहमा महिला शिक्षक मन पराएको एवं यस तहको मूल्याङ्कन प्रणली शिक्षकसँग छलफल गरी राख्ने गरेको पाईयो । यस अनुसन्धानको निष्कर्षमा अधिकांश शिक्षकलाई यस तहको राम्रो ज्ञान नभएको तर अभिभावक भने प्रारम्भिक बालशिक्षाबाट माथिल्लो कक्षको स्तर राम्रो बनाउन सहयोग पुग्ने भएकोले यस तहमा आकर्षण भएको जनाईएको छ । संस्थागत विद्यालयमा कक्षाकोठाको अनुसरण र शैक्षिक कियाकलाप एवं सामूदायिक विद्यालयमा बाल साथित्व र अन्तरकियामा जोड दिएको उल्लेख गरिएको छ ।

अर्यालले “पाठ्यक्रम तथा मूयाङ्कन सम्प्रेशण” (२०६७, पृ. ११०-११६) मा ‘नेपालमा बालविकास कार्यक्रमको कार्यान्वयन अवस्था र चुनौतिहरु’ सम्बन्धी लेखमा नेपमलको प्रारम्भिक बालशिक्षाको वर्तमान अवस्था, पाठ्यक्रमको कार्यान्वयनमा चुनौति एवं शिक्षण पद्धति, शैक्षिक सामग्री सम्बन्धी पक्षहरुको उठान गरिएको छ । जहाँ सिकाई क्रियाकलाप बालकेन्द्रित हुनुपर्ने, जिज्ञासु उमेरका यस तहका बालबालिकालाई खेलको माध्यमबाट ज्ञानको विकास गराउनु पर्ने साथै विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोग गरिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

सापकोटा (२०६२) ले चितवन जिल्लाको भरतपुर नगरपालिकालाई अध्ययन क्षेत्र बनाई “प्रारम्भिक बाल शिक्षा सिद्धान्त र प्रयोग” सम्बन्धी अध्ययन गर्नु भएको पाईयो । उहाँले ४/४ वटा सामूदायिक र संस्थागत विद्यालयमा सञ्चालन भएका नसर्री, के.जी. र शिशु कक्षाको सिकाइ क्रियाकलाप र कक्षकोठाको वातावरणको अध्ययन गनुभएको थियो । उहाँको अध्ययनमा बालशिक्षा केन्द्रको भौतिक सुविधाहरु नभएको, अधिकांश गतिविधिहरु कक्षाकोठा भित्र सीमित रहेको, उमेर सुहाउँदो बसाइ व्यवस्था र खेल व्यवस्था नभएको, उपलब्ध शैक्षिक सामग्री पनि प्रयोग नभएको देखाइएको छ । शिक्षण सिकाई क्रियाकलापमा परिचय दिने, चित्र बनाउने, प्रश्न सोध्ने, छलफलमा भाग लिने जस्ता क्रियाकलापहरु भएका तर परम्परागत विधिले प्रधानता पाएको कुरा उल्लेख गरिएको छ ।

खतिवडा (२०६३) ले "पूर्व प्राथमिक शिक्षाको प्रभाव एक अध्ययन" शीर्षकमा रहेर अध्ययन गरेको पाइयो । यस अध्ययनमा दुईवटा उद्देश्य चयन गरेको पाइयो । जसमा पूर्व प्राथमिक शिक्षाको

प्रभाव पहिचान गर्ने र पूर्व प्राथमिक शिक्षाको कार्यान्वयनको स्थिति पहिचान गर्ने रहेको पाइयो । उहाँले यस अध्ययनबाट पूर्व प्राथमिक शिक्षाको प्रभाव वालवालिकाहरुमा सकारात्मक परेको र पूर्व प्राथमिक शिक्षा प्राप्त गरेका वालवालिका र नगरेका वालवालिका बीच शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक आदि पक्षको विकासमा अन्तर हुने गरेको निष्कर्ष प्रस्तुत गरिएको पाइएको थियो ।

आचार्य (२०६७) ले "संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक वालविकास कक्षामा शिक्षण सिकाई क्रियाकलाप, तुलनात्मक अध्ययन" नामक शोधपत्रमा सरकारी र संस्थागत दुवै विद्यालयमा सामग्री पऱ्याप्त भए पनि सामुदायिकको तुलनामा संस्थागत विद्यालयमा सामग्रीलाई व्यवस्थित गरिएको साथै विकासात्मक पक्षमा भने संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा प्रभावकारी रहेको निष्कर्ष पाइयो भनि अध्ययनमा उल्लेख गरिएको पाइएको थियो ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पूर्व प्राथमिक शिक्षा पाठ्यक्रमका उद्देश्यहरुको बारेमा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले पूर्व प्राथमिक शिक्षाको उद्देश्य समेतको व्यवस्था गरेको पाइयो । उक्त पाठ्यक्रमले पूर्व प्राथमिक शिक्षाका वालवालिकाहरुमा निम्न पक्षको विकास गराउने उद्देश्य राखेको पाइयो ।

(क) शारीरिक, संवेगात्म र सामाजिक भावनाको विकासमा अवसर प्रदान गर्ने ।

(ख) सरसफाइ र सुरक्षा सम्बन्धि बानि बसाल्न प्रेरित गर्ने ।

(ग) सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने ।

(घ) प्राथमिक शिक्षाका लागि पूर्व तयारी गराउने ।


यिनै उद्देश्यहरुलाई समेत दृष्टिगत गरि २०६२ सालमा शिक्षा विभागबाट तयार भई राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदबाट स्वीकृत भई तत्कालीन नेपाल सरकारबाट समेट पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रमका रुपमा प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) स्वीकृत भई शैक्षिक सत्र २०६३ देखि लागू भएको पाइन्छ (शर्मा, २०६८/६९) ।

यसरी माथिका सम्बन्धित अध्ययनहरुको पुनरावलोकन बाट पूर्व प्राथमिक शिक्षा एक अति आवश्यक शिक्षाका रुपमा विकसित हुँदै आएको पाइन्छ । आजभोलि पूर्व प्राथमिक शिक्षा पाएका वालवालिकाहरुको संख्या दिन प्रतिदिन बढ्दै गएकोले यसबाट के कति अपेक्षित उपलब्धि प्राप्त भयो सो सम्बन्धमा समय समयमा अध्ययन तथा अनुसन्धान गर्दै कार्यान्वयनमा आईपरेका समस्याहरुलाई उचित रुपमा निराकरण गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ ।

## २.३ अवधाराणात्मक ढाँचा

सामूदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथकि तहको पाठ्यक्रमको कार्यान्वयनको तुलनात्मक अध्ययन गर्ने क्रममा सामूदायिक र संस्थागत विद्यालयकमा पूर्व प्राथमिक तहको उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियामलाप, मूयाङ्कन प्रविधि के-कस्ता छन, कसरी कार्यान्वयन भइरहेका छन, कार्यान्वयनमा के-कस्ता समस्याहरु आइपरेका छन र समाधानका लागि के कस्ता उपायहरु अपनाइएका छन भन्ने कुरा पत्ता लगाउनको लागि निम्न अनुसारको अवधाराणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

**अवधारणात्मक ढाँचा**



# अध्याय तीन

## अध्ययन विधि

सामान्यतया विधि भन्नाले कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा त्यस अध्ययन भित्र गरिने सम्पूर्ण व्यवस्थित क्रियाकलाप वा प्रक्रिया नै विधि हो । जसले अध्ययनका लागि उपयुक्त लक्ष्य हासिल गर्न मार्गदर्शन गर्दछ । कुनै पनि अध्ययनलाई सम्पन्न गर्नका निमित पूर्व निर्धारित विधि एवं प्रक्रियाहरुको अवलम्बन गर्नुपर्दछ । त्यसले अनुसन्धालाई कसरी अगाडी बढाउने भन्ने कुरा अनुसन्धान विधिले प्रष्ट पार्दछ । अनुसन्धान गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा जटिल कार्य पनि सरल र सहज हुन जान्छ । कुनै पनि सत्य तथ्य यथार्थ प्राप्त गर्न ज्ञानको खोजि र पहिचान गरी समस्या समाधानको उचित तरिका अपनाउन गरिने खोजलाई अनुसन्धान भनिन्छ । सकेसम्म अनुसन्धान नियन्त्रित, व्यवस्थित, वैद्य, अनुभवसिद्ध प्रमाणीकरण योग्य र यथार्थपरक हुनु पर्दछ । अनुसन्धानलाई तीन भागमा विभाजग गरी अध्ययन गर्न सकिन्छ । जसमा गुणात्मक अनुसन्धान, परिमाणात्मक अनुसन्धान र मिश्रित अनुसन्धान । यस अध्ययनमा पूर्ण रुपमा गुणात्मक विधिको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त परिमाणात्मक तथ्याङ्कलाई गुणात्मक विधिमा आधारित रहि शाब्दिक रुपमा व्याख्यात्मक प्रक्रियाबाट विश्लेषण गरिएको छ । त्यसकारण यो अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको थियो ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययनको प्रकृति स्वरुप तथा स्थितिलाई मध्यनजर गरि त्यसलाई कुसलता पूर्वक सम्पन्न गर्न निश्चित, योजना तथा कार्यनीतिको जरुरत पर्दछ । पूर्व निर्धारित योजनाले नै लक्ष्य प्राप्त गर्न सक्दछ । त्यसकारण अध्ययन अनुसन्धानका लागि तयार पारिएको बृहत योजना तथा कार्यनीतिलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ । यस अध्ययनमा प्रमुख रुपमा असंरचित अन्तर्वार्ता, लक्षित समूह छलफल, कक्षा अवलोकन फारमको प्रयोग गरी सूचना संकलन गरिएको थियो । अध्ययनको क्रममा प्राप्त सूचनालाई गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरी उद्देश्य अनुसार क्रमिक रुपमा राखिएको थियो । अध्ययन कार्यका लागि प्र.अ.तथा शिक्षक लाई असंरचित अन्तरर्वार्ताको प्रयोग गरिएको थियो । साथै कक्षा अवलोकन फारम र दस्तावेजको अध्ययन गरी निम्न अनुसारको ढाँचामा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.२ जनसङ्ख्या तथा नमूना छनौट

अनुसन्धानकर्ताले जुन नमूना छनौट गरी अध्ययन गर्न सजिलो ठान्छ तिनै नमूनाहरु छनौट गर्दछ भने त्यस्तो विधिलाइ सुविधाजनक नमूना छानौट भनिन्छ । यस अध्ययनका लागि रौतहट जिल्लाको सन्तपुर (म) गा.वि.स. अन्तर्गत पर्ने सामुदायिक विद्यालय ७ वटा र संस्थागत विद्यालय ६ वटा मध्ये सुविधाजनक नमुना छनौट विधिको प्रयोग गरि दुईवटा सामुदायिक विद्यालय (श्री सुवलाल भागवत उच्च मा.वि. र श्री वाल कल्याण नि.मा. वि.) र दुईवटा संस्थागत विद्यालय (होलि भिजन सेकेन्डरी बोडीङ्ग स्कुल र तराइ जोन एकेडेमी) छनौट गरीएको थियो र ४ वटै विद्यालयका प्र.अ. तथा पूर्व प्राथमिक तहमा अध्यापन गराउने प्रत्येक विद्यालयको १/१ जना शिक्षक गरी ४ जना शिक्षकलाई नमूनाको रुपमा छनौट गरीएको थियो ।

### ३.२.१ विद्यालयको छनौट

विद्यालयको छनौट गर्ने क्रममा सुविधाजनक नमूना छनौट विधिको प्रयोग गरि रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं.१, ३ र ४ अन्तर्गत पर्ने दुईवटा सामुदायिक विद्यालय (श्री सुवलाल भागवत उच्च मा. वि. र श्री वाल कल्याण नि.मा. वि.) र दुईवटा संस्थागत विद्यालय (होलि भिजन सेकेन्डरी बोडीङ्ग स्कुल र तराइ जोन एकेडेमी) लाई नमूनाको रुपमा छनौट गरीएको थियो । साथै यि चारवटै विद्यालयमा सञ्चालित शिशुकक्षा तथा नर्सरी कक्षालाई मात्र अध्ययनका लागि समावेश गरिएको थियो । आफ्नो स्थाई बसोबासबाट नजिक रहेको र अध्ययन, खोज तथा अनुसन्धान गर्न जाने व्यक्ति तथा संघसंस्थाहरुलाई विद्यालयले सहज रुपमा आवश्यक सूचना तथा जानकारी दिई सहयोग गर्ने गरेकोले विद्यालयको छनौट गर्ने क्रममा सुविधाजनक नमुना छानौट विधिको प्रयोग गरिएको थियो ।

### ३.२.२ प्रधानाध्यापकको छनौट

अध्ययनका लागि नमूना छनौटमा सामुदायिक विद्यालय अन्तर्गत श्री सुवलाल भागवत उच्च मा.वि. र श्री वाल कल्याण नि.मा. वि. का प्र.अ. लाई नमूनाको रुपमा छनौट गरीएको थियो साथै संस्थागत विद्यालय अन्तर्गत होली भिजन सेकेन्डरी बोडीङ्ग स्कुल र तराइजोन एकेडेमीका प्र.अ. लाई नमूनाको रुपमा लिइएको थियो ।

छनौट गरीएका सामूदायिक र संस्थागत दुवै विद्यालयका प्र. अ. हरुलाई पूर्व प्राथमिक तहको पाठ्यक्रम कसरी कार्यान्वियन भईरहेको छ ,कार्यान्वियनमा के कस्ता समस्याहरु आईपरेका छन, र ती समस्याहरुलाई कसरी समाधान गर्नु हुन्छ भन्ने कुरामा केन्द्रित भई अंसरचित अन्तर्वार्ताको प्रयोग गरीएको थियो ।

### ३.२.३ शिक्षकको छनौट

अध्ययनका लागि नमूना छनौटमा परेका सामुदायिक विद्यालय श्री सुवलाल भागवत उच्च मा.वि. र श्री वाल कल्याण नि.मा. वि. साथै संस्थागत विद्यालय तर्फ होली भिजन सेकेन्डरी बोडीङ्ग स्कुल र तराइजोन एकेडेमीका १/१ जना पूर्व प्राथमिक तह (शिशुकक्षा तथा नर्सरीकक्षा) मा अध्यापन गराउने जम्मा ४ जना शिक्षकलाई नमूनाको रुपमा छनौट गरिएको थियो । छौनौट गरीएका सामूदायिक र संस्थागत दुवै विद्यालयका पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरुलाई पूर्व प्राथमिक तहको पाठ्यक्रम कसरी कार्यान्वियन भईरहेको छ, कार्यान्वियनमा के कस्ता समस्याहरु आईपरेका छन, ती समस्याहरुको समाधान कसरी गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित भई अंसरचित अन्तर्वाताको प्रयोग गरीएको थियो ।

## ३.३ सूचना संकलनका साधनहरु

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई अर्थपूर्ण र उद्देश्य मूलक बनाउनका लागि सूचना संकलनका साधनहरुको प्रयोग गर्नुपर्दछ । तथ्याङ्क संकलनको निमित्त प्रयोग गरीने सामग्री र औजारलाई सूचना संकलनको साधन भनिन्छ । यस अध्ययनमा प्राथमिक र द्वितिय स्रोतको प्रयोग गरीएको थियो । प्राथमिक स्रोत अन्तगर्त

संरचित अन्तर्वार्ता, कक्षा अवलोकन फारम, लक्षित समूह छलफलको प्रयोग गरीएको थियो । जसबाट सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा पाठ्यक्रम कसरी कार्यान्वयन भईरहेको छ, कार्यान्वयनमा के कस्ता समस्याहरु आईपरेका छन ती समस्याहरुलाई समाधान गर्न के कस्ता उपायहरु आपनाईएका छन् भन्ने सम्बन्धमा आवश्यक सूचना प्राप्त भएको थियो त्यसैगरी द्वितिय स्रोतका रुपमा विभिन्न दस्तावेज अध्ययन, अप्रकाशित शोधपत्र, लेखहरुको प्रयोग गरिएको थियो । यस अध्ययनका लागि निम्न लिखित साधनबाट प्राथमिक सूचनाहरु संकलन गरिएको थियो ।

### ३.३.१ असंरचित अन्तवार्ता

सामाजिक विज्ञानका विभिन्न विषयहरुमा अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन गर्दा उपयोग गरिने प्राचिन एवं अक्सर प्रयोगमा ल्याईने विधि अन्तर्वार्ता हो । अन्तर्वार्तालाई मुख्य रुपमा संरचित अन्तर्वार्ता र असंरचित अन्तर्वार्ता गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यस अध्ययनका लागि मुख्य रुपमा असंरचित अन्तर्वार्ताको प्रयोग गरिएको थियो । गुणात्मक अनुसन्धानमा गहन सूचना संकलन गर्नका लागि असंरचित अन्तर्वार्ताको प्रयोग गरिन्छ । यस्तो अन्तर्वार्ता पूर्व निर्धारित र नियन्त्रीत हुदैन । सामुदायिक तथा संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्न, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा आईपरेका समस्या पत्ता लगाई उपयुक्त समाधानका बाटाहरु पहिचान गर्नका लागि यस अध्ययनमा नमूनामा परेका विद्यालयका प्र.अ. का लागि एक पटक तथा शिक्षकका लागि दुई पटक (कक्षा अवलोकन पूर्व र कक्षा अवलोकन पश्चात) संरचित अन्तर्वार्ताको प्रयोग गरिएको थियो । जसबाट सामूदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रम कसरी कार्यान्वयन भईरहेको छ, कार्यान्वयनमा के कस्ता समस्याहरु आईपरेका छन् र ती समस्याहरुलाइ समाधान गर्न के कस्ता उपायहरु अपनाउन सकिन्छ भन्ने सम्बन्धमा आवश्यक सूचना प्र. अ. तथा शिक्षकहरुबाट प्राप्त भएको थियो ।

### ३.३.२ कक्षा अवलोकन फारम

गुणात्मक अनुसन्धानहरुमा विश्वसनियता तथा वैद्यता कायम गर्न बहु सूचना संकलनका विधिहरु प्रयोग गरिन्छ । ती विधिहरु मध्ये अवलोकन एक प्रमुख विधि हो । जसले अध्ययनका लागि विश्वसनिय तथा भरपर्दो रुपमा सूचना संकलन गर्न सहयोग गर्दछ । यस अध्ययनका लागि कक्षाकोठाको व्यवस्थापन, शैक्षिक सामाग्री, शिक्षण विधि (शिक्षक केन्द्रित तथा विद्यार्थी केन्द्रित) , शिक्षण सिकाई क्रियाकलाप, आदि पक्षको अवस्था पत्ता लगाउनको लागि नमूनामा परेका प्रत्येक विद्यालयमा तीन/तीन पटक कक्षा अवलोकन फारम प्रयोग गरी आवश्यक सूचना तथा जानकारी संकलन गरिएको थियो ।

### ३.३.३ लक्षित समुह छलफल

लक्षित समुह छलफल भन्नाले व्यवस्थित, योजनाबद्ध तथा सचेत तरिकाबाट सहभागिहरु बीच अन्तर्क्रिया गराइ उनीहरुको बिचार र धारणाको आधारमा कुनै पनि कार्यक्रम, मुद्दा तथा अनुसन्धानका बारेमा Insight प्राप्त गर्ने विधि नै लक्षित समुह छलफल हो । यस अध्ययनका लागि नमूना छनौटमा

परेका चार वटै (सामुदायिक र संस्थागत) विद्यालयमा पूर्व प्राथमिक तहमा अध्ययन गर्ने वालवालिकाका अभिभावकहरुलाई प्रत्येक विद्यालयमा ६-८ जनाको समुह बनाइ अध्ययनको Theme बताउदै आवश्यक सूचना तथा जानकारी प्राप्त गर्नका लागि लक्षित समुह छलफल गरिएको थियो ।

## ३.४ साधनको वैधता निर्धारण

साधनलाई अन्तिम रुप दिनु अगाडि त्यसको विश्वसनियता एवं उपयोगिता परिक्षण गर्नका लागि उक्त साधनको वैधता निर्धारण गरिनु पर्दछ । यस अध्ययनको उद्देश्य हासिल गर्नका लागि शोध निर्देशक समक्ष प्रस्तुत गरि छलफल र परामर्श गरी शोध निर्देशकको राय र सल्लाह अनुसार साधनलाई अन्तिम रुप दिइएको थियो ।

## ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने सूचना संकलन गर्न स्वयम आफ्नो उपस्थितीमा छनौट गरिएका सामुदायिक र संस्थागत विद्यालयमा गई सूचना संकलनका लागि निर्माण गरीएका साधनको प्रयोग गरी निम्नानुसार सूचना संकलन गरिएको थियो ।

### ३.५.१ पाठ्यक्रमको अध्ययन

छनौटमा परेका सामुदायिक तथा संस्थागत गरि ४ वटै विद्यालयका प्र.अ. लाई भेटी आफूले अध्ययन गर्न लागेको विषय र यसका उद्देश्य बारे जानकारी गराइ अध्ययनको लागि अनुमति लिइएको थियो । नेपाल सरकार शिक्षा विभाग, प्रारम्भिक वालविकास शाखाद्धारा निर्माण गरिएको प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) को अध्ययन गरीएको थियो । जसले सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक अध्ययन गर्नका लागि आधार प्रदान गरेको थियो ।

### ३.५.२ कक्षा तथा सामग्रीको उपलब्धताको अवलोकन

सामूदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको उपलब्धता के कस्तो छ र के कस्ता विधिहरुको प्रयोग भएको छ, वालवालिकाको शारीरिक, मानसिक संवेगात्मक, सामाजिक, पक्षको विकास गराउने क्रियाकलापहरु के कसरी भएको छ भनि अवलोकन गर्न तथा आवश्यक सूचना संकलन गर्नका लागि शैक्षिक सामग्री तथा अवलोकन फारम प्रत्येक विद्यलयमा ३/३ पटक प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

गुणात्मक विश्लेषणको एक मात्र उद्देश्य संकलन गरिएका सूचनाहरुबाट सारतत्व निकालेर त्यसलाई सञ्चार योग्य बनाउनु हो । यस अनुसन्धानमा असंरचित अन्तवार्ता, लक्षित समूह छलफल, कक्षा अवलोकन एवम् दस्तावेज अध्ययनबाट प्राप्त गरिएका सूचनाहरुलाई आवश्यकता अनुसार वर्गिकरण एवम् तालिकीकरण गरिएको छ । तालिकीकरण गरिएका सूचनाको तुलनात्मक अध्ययन गरि वर्णनात्मक र तार्किक विधिबाट विश्लेषण गरि प्रस्तुत गरिएको छ । एउटा स्रोतबाट प्राप्त सूचनालाई अन्य स्रोतबाट प्राप्त सूचनासँग Triagulatuion गरि निष्कर्षमा पुगिएको छ ।

## अध्याय चार

## प्राप्त सूचनाको विश्लेषण र व्याख्या

"सामूदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन" शिर्षक अन्तर्गत वास्तविक स्थिति पहिचान गर्ने उद्देश्यका साथ यो अध्ययन रौतहट जिल्ला, सन्तपुर (म.) गा.वि.स. अन्तर्गतको दुई वटा सामूदायिक र दुई वटा संस्थागत विद्यालयमा संचालन गरिएको थियो । अध्ययनको क्रममा सम्बन्धित प्र.अ. र शिक्षकसँग असंरचित अन्तर्वार्ता, अभिभावकसँग लक्षित सूमह छलफल र कक्षा अवलोकन फारमको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो । यसरी प्राप्त गरिएको सूचनालाई गुणात्मक र वर्णनात्मक विधि अनुसार विश्लेषण र व्याख्या गरिएको छ । जसमा निम्न विषयवस्तुलाई समावेश गरिएको थियो ।

### ४.१ प्रारम्भिक बालविकास दिग्दर्शनले निर्दिष्ट गरेको उद्देश्य, विषयवस्तु शैक्षिक सामग्री, शिक्षण सिकाई क्रियाकलाप, मूल्याङ्कन प्रविधिहरु सामूदायिक र संस्थागत विद्यालयहरुको कार्यान्वयनको स्थिति विवरण

नेपाल सरकार, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखाले निर्माण गरेको प्रारम्भिक बाल विकास दिग्दर्शनमा तोकिए अनुसारका उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाई क्रियाकलाप, मूल्याङ्कन प्रविधिको अध्ययन, छनोटमा परेका विद्यालयहरुले निम्नानुसार कार्यान्वयन गरेको जानकारी सामूदायिक र संस्थागत विद्यालयहरुका प्र.अ., शिक्षकहरु र अभिभावकहरुबाट प्राप्त भएका थिए ।

#### ४.१.१ उद्देश्य

सामूदायिक र संस्थागत विद्यालयका ४ जना प्र.अ. र ४ जना शिक्षकलाई दिग्दर्शनमा तोकिएका उद्देश्यहरुको कार्यान्वयनको स्थितिबारे सोधिएका प्रश्नहरुको प्रतिक्रियात्मक जवाफ उनिहरुले निम्नानुसार दिएका थिए ।

तालिका नं.४.१

प्रारम्भिक बाल विकास पाठ्यक्रमको उद्देश्य

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामूदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| बालवालिकाहरुलाई शारीरिक, मानसिक , संवेगात्मक, सामाजिक, नैतिक र सृजनात्मक विकासको अवसर प्रदन गर्ने । | छ | छ |
| उनीहरुमा सरसफाई र सुरक्षा सम्बन्धि बानी बसाल्न प्रेरित गर्ने । | छ | छ |
| उनिहरुलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने । | छ | छ |
| उनिहरुलाई प्राथमिक शिक्षाका लागि तयारी गराउने । | छ | छ |
| उनिहरुमा विश्वास र सुरक्षाको भावना जागृत गराउने । | छ | छ |
| थप | छैन | खेल र मनोरञ्जनात्मक क्रियाकलापद्धारा सृजनात्मक क्षमताको विकास गराउने । |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपले अध्ययन गर्दा पूर्व प्राथमिक तहको दिग्दर्शनले तोकेका उद्देश्यहरु कार्यान्वयन सम्बन्धमा विचार गर्दा तोकिएको ५ वटा उद्देश्यहरु मध्ये सामूदायिक विद्यालयले ३ वटा उद्देश्य पूर्ण रुपमा, २ वटा आवश्यकता अनुसार सहज बनाई कार्यान्वयन गराएको र संस्थागत विद्यालयको जम्मा ६ वटा उद्देश्य राखेकोमा ३ वटा पूर्ण रुपमा कार्यान्वयन गरेको, २ वटा आवश्यकता अनुसार सहज बनाई कार्यान्वयन गरेको र १ वटा आवश्यकता अनुसार थप गरि कार्यान्वयन गराएको पाइयो । दिगदर्शनले तोकेका उद्देश्यहरु किन परिमार्जन  गिरिएको हो भन्ने प्रश्नको जवाफमा प्र.अ. तथा शिक्षकहरुले बालबालिकाको उमेर र आवश्यकता अनुसार उनिहरुको सर्वाङ्गीण पक्षको

विकास गराउनको लागि उद्देश्यहरु परिमार्जन गरिएको हो भन्नेप्रतिक्रिया  दिएका थिए । सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयले १  वटा उद्देश्यहरु थप गरी कार्यान्वयन गरेको पाइएको थियो।

यसबाट के स्पष्ट हुन्छ भने सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले प्रारम्भिक बालविकास दिग्दर्शनमा तोकिएका उद्देश्यहरु कार्यान्वयन गर्ने प्रयास गरेको भए तापनि बाल मनोवैज्ञानिक जिन ज्याक रुसोले भने झैं बालमैत्र वातावरणमा उद्देश्यहरुको कार्यान्वयन नगरायको देखिन्छ । सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले पूर्व प्राथमिक तहको उद्देश यहरुको कार्यान्वयन गर्दा पूर्ण बालमैत्री वातावरण दिई बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक लगायत उनिहरुको सर्वाङ्गीण पक्षको विकाश गराउनु पर्ने देखिन्छ ।

### ४.१.२ विषयवस्तु

प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) मा पूर्व प्राथमिक तहको लागि उद्देश्य अनुसार निश्चित विषयवस्तुहरु समावेश गरिएको छ  । सामुदायिक र संस्थागत दुवै विद्यालयहरुले ती विषयवस्तु कुन कुन र के कसरी कार्यान्वयन गरीरहेका छन् भनी दुवै विद्यालयका प्र.अ. तथा शिक्षकहरुसँग सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफ उनिहरुले निम्नानुसार दिएका थिए ।

**तालिका नं. ४.२**

**विषयवस्तुहरुको कार्यान्वयनको अवस्था**

| **प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२** | **सामूदायिक विद्यालय** | **संस्थागत विद्यालय** |
|---|---|---|
| **विकासात्मक सिकाईका क्षेत्रहरु** | | |
| - शारीरिक विकास | छ | छ |
| - मानसिक विकास | छ | छ |
| - संवेगात्मक विकाश | छ | छ |
| - सामाजिक विकास | छ | छ |
| **विषयगत सिकाइका क्षेत्र** | | |
| - भाषिक सिप (नेपाली,अंग्रेजी) | छ | छ |
| - गणित | छ | छ |
| -दृश्यकला, कार्यतालिका र सिर्जनशीलता | | |
| -सामाजिक शिक्षा | छ | छ |
| - वातावरण विज्ञान | छ | छ |
| थप | छैन | छैन |
| थप | - सृजनात्मकता<br>- स्वास्थय | - सृजनात्मकता<br>- स्वास्थय |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा, प्रारम्भिक बाल विकास दिग्दर्शनले पूर्व प्राथमिक तहको उद्देश्य अनुसार विषयवस्तुहरु उल्लेख गरेको देखिन्छ । र सोहि विषयवस्तुहरुलाई थपघट गरी सामूदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहमा विषयवस्तुहरु कार्यान्वयन भएको देखिन्छ । उक्त विषयवस्तुहरु कार्यान्वयन गर्ने क्रममा प्रारम्भिक बाल विकास दिग्दर्शन (पाठ्यक्रम) ले तोकेका ९ वटा विषयवस्तुहरु मध्ये, सामूदायिक विद्यालयले ८ वटा विषयवस्तु पूर्ण रुपमा कार्यान्वयन गरेको, र २ वटा विषयवस्तुलाई प्रारम्भिक बाल विकास दिग्दर्शनले तोके भन्दा थप गरी कार्यान्वयन गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयले प्रारम्भिक बाल विकास दिग्दर्शनले तोकेका ९ वटा विषयवस्तुमध्ये ८ वटा विषयवस्तु पूर्ण रुपमा कार्यान्वयन गरेको, २ वटा विषयवस्तु आवश्यकता अनुसार थप गरी कार्यान्वयन गरेको पाइयो । केहि विषयवस्तुहरुलाई थप तथा परिमार्जन किन गर्नु भएको हो ? भन्ने जवाफमा सामूदायिक र संस्थागत दुवै

विद्यालयका प्र.अ. तथा शिक्षकहरुले बालबालिकाको विकासात्मक उमेर र स्थानिय आवश्यकता अनुसार परिमार्जन तथा थप गर्नु पर्ने आवश्यकता देखिएकोले आवश्यक परिमार्जन तथा थप गरिएको हो भन्ने प्रतिक्रिया दियका थिए । त्यसैगरी अभिभावकसँग गरिएको लक्षित समूह छलफलका क्रममा तपाईहरुका बच्चाहरुलाई के कस्ता विषयवस्तु पठनपाठन गराउँदा उपयुक्त हुन्छ भनि सधिएको प्रश्नको जवाफमा अधिकांशले नेपाली, अंग्रेजी, गणित, सामाजिक लगातय बालबालिकाको सर्वाङ्गिण विकास गराउने खालका विषयवस्तु अध्ययन अध्यापन गराउँदा उपयुक्त हुने कुरा बताएका थिए ।

समग्रमा भन्नुपर्दा सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले नेपाल सरकार, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखाले निर्धारण गरेको प्रारम्भिक बालविकास दिग्दर्शन २०६२ मा उल्लेखित अधिंकाश विषयवस्तु अध्ययन अध्यापन गराउने गरेको पाईएको थियो । सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयले व्यस्थित रुपमा दिग्दर्शनले तोकेका विषयवस्तुहरुको कार्यान्वयन गराउने गरेको पाइएको थियो । सामूदायिक विद्यालयहरुमा पाठ्यपुस्तकहरु नबनाए पनि संस्थागत विद्यालहरुले पाठ्यपुस्तकको व्यवस्था गर्ने गरेको पाइएको थियो । सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा विषयवस्तु दिने, खेलाउने, सृजनात्मक क्रियाकलाप गराउने दैनिक तालिका रहेको दुवै विद्यालयहरुका शिक्षकहरुले जानकारी दिएका थिए ।

सामुदायिक र संस्थागत दुवै विद्यालयहरुले आफ्ना भौतिक साधन, स्रोत र पूर्वाधारले भ्याए सम्म बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक लगायत सर्वाङ्गीण पक्षको विकास गराउन आवश्यक पर्ने विषयवस्तु सम्बन्धि क्रियाकलाप ( जस्तै शारीरिक पक्षको विकस गराउन - हिड्ने, उफ्रने, कुद्ने, मानसिक पक्षको विकास गराउन - वस्तु देखाएर विभिन्न रङ्ग, आकार, साइज सम्बन्धि अभ्यास, संवेगात्मक पक्षको विकास गराउन - संवेगात्मक भाव व्यक्त हुने कथा , नाटक प्रस्तुत गर्ने, सामाजिक पक्षको विकाश गराउन - सामुहिक प्रार्थना गराउने, आपसी मेलमिलप सम्बन्धि कथा, नाटक सुनाउने, प्रस्तुत गर्न लगाउने) व्यवस्थित तथा संगठित रुपमा गराउनु पर्ने देखिन्छ ।

### ४.१.३ शैक्षिक सामग्री

बालबालिकाहरुको सर्वाङ्गीण विकासको प्रमुख आधार मध्ये खेल एक हो । खेललाई कक्षाकोठा भित्र गरिने (Indoor Game) र कोठा बाहिर गरिने खेल (Outdoor Game) गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । विशेष गरेर Indoor Game ले बालबालिकाहरुको बौद्धिक विकसामा सघाउ पुऱ्याउँछ भने Outdoor Game ले शारीरिक विकासलाई सघाउ पऱ्याउने रुसो, फ्रोबेल र मण्टेश्वरी जस्ता विशिष्ट बालशिक्षाविदहरुले पनि बालबालिकाहरुलाई आवश्यक ज्ञान र सिप प्रदान गर्ने प्रमुख विधिको रुपमा खेल विधिलाई प्राथमिकता दिइएको पाइन्छ । सिकाईलाई दिगो र प्रभावकारी बनाउनको लागि शैक्षिक सामग्रको प्रयोग गर्नु पर्ने हुन्छ । प्रारम्भिक बालविकास दिग्दर्शनले विषयवस्तुअनुसार स्थानिय स्तरमा उपलब्ध सामग्रीको प्रयोग अधिकतम मात्रामा गर्नु पर्नेमा जोड दिएको पाइन्छ ।

प्रारम्भिक बालविकास दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि निश्चित शैक्षिक सामग्री निर्दिष्ट गरिएको छ । ती शैक्षिक सामग्रीहरु सामूदायिक र संस्थागत विद्यालयहरुमा कुन कुन शैक्षिक सामग्रीहरु उपलब्ध छन् ? ती शैक्षिक सामग्रीहरुलाई के कसरी कार्यान्वयन गरिएको छ ? भनी दुवै थरी विद्यालयका प्र.अ. र शिक्षकहरुलाई सोधिएको प्रश्नको जवाफ उनिहरुले निम्नानुसार दिएका थिए ।

## तालिका नं. ४.३

## शैक्षिक सामग्रीको कार्यान्वयनको अवस्था

| प्रारम्भिक बालविकास दिग्दर्शन २०६२ | सामूदायिक विद्यालयले प्रयोग गरेको शैक्षिक सामग्री | संस्थागत विद्यालयले प्रयोग गरेको शैक्षिक सामग्री |
|---|---|---|
| – खेल सामग्री | छ | छ |
| – चित्र (जनावर, घर, बालबालिका खेलका, सामूहिक भावना जगाउने चित्र, यातायातका साधनहरु) | छ | छ |
| – ब्लक, रङ्गिन, कागज, कथा, गितका किताब, चाडपर्वमा प्रयोग हुने सामग्री । | छ | छ |
| – तालिका (वर्ग, अल्फाबेट, अङ्क) | छैन | छ |
| – रेडियो, टि.भि. | छैन | छैन |
| – बिउहरु, खाद्यपदार्थ | छ | छ |
| – घडि | छ | छैन |
| – डोरी, बल | छैन | छ |
| – क्यालेन्डर, पत्रपत्रिका, | छैन | छ |
| – नक्साहरु, | छैन | |
| – ग्लोब | छैन | |
| थप | | - प्लाष्टिकको (बल, गुडिया) |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथि उल्लेखित तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा सामूदायिक र संस्थागत दुवै विद्यालयहरु शैक्षिक सामग्रीको अवस्था सन्तोष जनक नरहेको पाइयो । अझ संस्थागत विद्यालयको तुलनामा छनौटमा परेका सामूदायिक विद्यालयमा शैक्षिक सामग्रीको अवस्था अत्यन्त न्यून रहेको पाइयो । दिग्दर्शनले तोकेका शैक्षिक सामग्रीको उपलब्धता र कार्यान्वयनको सम्बन्धमा विचार गर्दा तोकिएका शैक्षिक सामग्री सामूदायिक विद्यालयमा केहि पाइए तापनि पूर्ण रुपमा उपलब्ध नभएको पाइयो । किन दिग्दर्शनले निर्दिष्ट गरे अनुसारका सबै शैक्षिक सामग्रीको व्यवस्था नगरिएको हो ? भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयहरुका प्र.अ. तथा शिक्षकहरुले आर्थिक स्रोतको  अभावका कारणले गर्दा शैक्षिक सामग्रीको अभाव रहेको हो भन्ने प्रतिक्रिया दिएका थिए । पूर्व प्राथमिक तहमा अपुग शैक्षिक सामग्रीको व्यवस्था अब कसरी गर्नु हुन्छ भन्ने प्रश्नको जवाफमा सामूदायिक विद्यालयका प्र.अ. ले स्रोत केन्द्रलाई जानकारी गराई सामग्री उपलब्ध गराउन अनुरोध गर्ने साथै विभिन्न सामाजिक संस्थाहरुलाई सहयोगका लागि अनुरोध गरी पहल गर्ने भनि प्रतिक्रिया दिएका थिए । त्यसैगरी संस्थागत विद्यालयका प्र.अ. ले आफ्नै आर्थिक स्रोतबाट खरिद गरी शैक्षिक सामग्रीको अभाव परिपूर्ति गर्ने कुरा प्रतिक्रिया दिएका थिए । सामूदायिक विद्यालयको कक्षाकोठा ठूलो रहेकोले सबै सामग्री त्यही नै मिलाएर राखिएको र संस्थागत विद्यालयको कक्षाकोठा सानो भएकोले शिक्षण सिकाई क्रियाकलाप गर्दा प्रयोग गर्ने नभए छुट्टै कोठामा राख्ने व्यवस्था गरिएको शिक्षकले प्रतिक्रिया दिएका थिए ।

प्रारम्भिक बालविकास दिग्दर्शनले पूर्व प्राथमिक तहका लागि निश्चित विषयवस्तुहरु निर्दिष्ट गरेको छ र ती विषयवस्तुहरुलाई सहि रुपमा कार्यान्वयन गराउनको लागि निश्चित शैक्षिक सामग्रीहरुको व्यवस्था गरेको भएता पनि सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था हुन नसकेको देखिन्छ । दुवै विद्यालयहरुले फोवेलको गरेर सिक्ने सिद्धान्तलाई आत्मसाथ गरी पूर्व प्राथमिक तहका लागि पर्याप्त खेल तथा शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

### ४.१.४ शिक्षण सिकाई क्रियाकलाप

पाठ्यक्रममा विषयवस्तुको छनौट गरिसकेपछि त्यसलाई उद्देश्य प्राप्ति अनुकुल गराउन गरिने प्रस्तुतीकरण नै शिक्षण सिकाई क्रियाकलाप हो । विद्यार्थीको उमेर, परिपक्वता, क्षमता, पूर्व अनुभव, पाठ प्रतिको आकर्षण आदिको ख्याल गरी शिक्षण सिकाई क्रियाकलापको चयन गर्नु उपयुक्त हुन्छ ।

प्रारम्भिक बालविकास दिग्दर्शनले पूर्व प्राथमिक तहका बालबालिकाहरुलाई विभिन्न क्रियाकलाप गराई उनिहरुको विकासात्मक अवस्था तथा उमेर अनुसार निम्न पक्षको विकास गराउने प्रयास गरेको पाइन्छ ।

- शारीरिक विकास
- मानसिक विकास
- संवेगात्मक विकास
- सामाजिक विकास

#### ४.१.४.१ शारीरिक पक्षको विकास

शारीरिक विकासलाई बाल विकासको अति नै महत्वपूर्ण पक्ष मानिन्छ । बालबालिकाहरुको बौद्धिक, संवेगात्मक एवम सामाजिक विकास उसको शारीरिक विकासमा भर पर्ने कुरा बाल विशेषज्ञहरुले बताउने गरेको पाइन्छ । प्रारम्भिक बाल विकास दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि शारीरिक पक्षको विकास गराउन निश्चित क्रियाकलाप निर्दिष्ट गरिएको छ । ती क्रियाकलापहरु सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले के कसरी कार्यान्वयन गरिरहेका छन् ? भनी प्र.अ. तथा शिक्षकहरु सँग सोधिएका प्रश्नको जवाफ उनिहरुबाट निम्नानुसार प्राप्त भएको थियो ।

**तालिका नं. ४.४**

**शारीरिक पक्षको विकास गराउने क्रियाकलापको कार्यान्वयनको अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामूदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| – शारीरिक क्रियाकलापमा रुचि जगानउने कार्य गराउने । | छ | छ |
| – शरीरको चाल सन्तुलन राख्ने क्रियाकलाप गराउने । | छ | छ |
| – शरीरको भाग चलाउने क्रियाकलाप गराउने । | छ | छ |
| – नियम र निर्देशन अनुसार कार्य गराउने । | छ | छ |
| – दृष्टि चाल, सुनाई र चाल बिच समन्वय ल्याउने । | छैन | छैन |
| – सुक्ष्म मांशपेशीको विकास गराउने क्रियाकलाप गराउने । | छ | छ |
| - चालद्धारा अभिव्यक्ति दिने । | छैन | छैन |
| - थप | | - शारीरिक कसरत गराउने |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा, प्रारम्भि बालविकास दिग्दर्शनले तोकेका ७ वटा क्रियाकलापहरु मध्ये, सामूदायिक विद्यालयले ५ वटा क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन गरेको र २ वटा विद्यालयलाई वेवास्था गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यलयले ५ वटा क्रियाकलापलाई पूर्ण रुपमा कार्यान्वयन गरेको, १ वटा क्रियाकलापहरु आवश्यकता अनुसार परिमार्जन

गरी थप कार्यान्वयन गरको र २ वटा क्रियाकलापलाइ व्यवास्था गरेको कुरा अवलोकन बाट पाइएको थियो । प्रारम्भिक बाल विकास दिग्दर्शनका केही क्रियाकलापहरु किन पमिार्जन गरीएको हो ? भन्ने प्रश्नो जवाफमा सामूदायिक र संस्थागत दुवै विद्यालयका प्र.अ. तथा शिक्षकहरुले बालबालिकाहरुको विकासात्मक अवस्था अनुसार उनिहरुको शारीरिक विकास गराउनको लागि परिमार्जन गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । दुवै विद्यालयहरुमा शारीरिक विकास गराउनको लागि बालबालिकाहरुलाई शारीरिक कसरत, व्यायम, समाउने, उफ्रने, दौड्ने, हिड्ने, नियमको पालना गराउने जस्ता क्रियाकलापहरु गराउने गरेको पाइयो । ती क्रियाकलापहरु विभिन्न खेल, अभिनय, विभिन्न सामग्रीहरुको प्रदर्शन गरी गर्ने गरिएको कुरा सामूदायिक र संस्थागत दुवै विद्यलयका प्र.अ.तथा शिक्षकहरुले प्रतिक्रिया दिएका थिए । सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरुले बढी क्रियाकलापहरु गराउने गरेको कुरा कक्षा अवलोकनबाट पाइएको थियो ।

सामुदायिक तथा संस्थागत दुवै विद्यालयहरुले प्रारम्भिक बाल विकास दिग्दर्शनले तोके बमोजिम पूर्व प्राथमिक तहका बालबालिकाहरुको शारीरिक विकाश गराउने विभिन्न क्रियाकलापहरु गराउने गरे तापनि ती क्रियाकलापहरु व्यवस्थित र पर्याप्त मात्रामा हुन नसकेको देखिन्छ । दुवै विद्यालयहरुले बालबालिकाहरुको शारीरिक पक्षको विकास गराउनको लागि नियमीत र व्यवस्थित रुपमा दिग्दर्शनले तोके बमोजिम क्रियाकलापहरु गराउनु पर्ने देखिन्छ ।

### ४.१.४.२ मानसिक पक्षको विकास

बालबालिकाहरुलाई आफ्नो वरिपरिका वस्तु तथा वातावरणका सम्बन्धमा सबै किसिमका अवधारणाहरुको विकास गराउने, चेतना र अनुभव द्धारा खुवी एवं विचार जस्ता मानसिक प्रक्रियाको विकास हुने अवसर प्रदान गरिनु पर्छ । यसरी मानसिक दक्षता र कुशलता बढाउने प्रक्रियालाई मानसिक विकास भन्ने गरेको पाइन्छ । बालबालिकाहरुको मानसिक विकासमा वंशाणुगत र वातावरणीय कारणले प्रभाव पार्दछ । मानसिक विकासमा प्रत्यक्ष रुपमा ज्ञानेन्द्रियहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । प्रारम्भिक बालविकास दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि मानसिक पक्षको विकास गराउन निश्चित क्रियाकलाप निर्दिष्ट गरिएको छ । ती क्रियाकलापहरु सामूदायिक र संस्थागत विद्यालयहरुले के कसरी कार्यान्वयन गरिरहेका छन् भनि प्र.अ. र शिक्षकहरुसँग सोधिएको प्रतिक्रियात्मक जवाफहरु उनिहरुले निम्नानुसार दिएका थिए ।

**तालिका नं. ४.५**

**मानसिक पक्षको विकास गराउने क्रियाकलापको कार्यान्वयनको अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामूदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| – सिर्जनात्मकता तथा उत्सुकताको विकस गराउने । | छ | छ |
| – आकार, धेरै थोरै, सानो ठूलो जस्ता आधारभूत धारणाको विकास गराउने । | छ | छ |
| – साधारण कारण सहित फरक छुट्याउने, तुलना गर्ने, वर्गीकरण गर्ने, आपसि सम्बन्ध देखाउने जस्ता सिपहरुमा वृद्धि गराउने । | छ | छ |
| – मानसिक सिपलाई परिचालन गराउने । | छ | छ |
| – भाषिक ज्ञान दिने । | छ | छ |
| – ध्यानपूर्वक सुन्ने । | छ | छ |
| – समय र स्थान सम्बन्धि ज्ञान । | छ | छ |
| – सोच्न सक्ने क्षमताको विकास । | छैन | छैन |
| – वस्तुको समानता र भिन्नता छुट्याउने । | छैन | छैन |
| थप | | - रङ्गीन, आकार स्पर्श, सुन्ने, स्वाद सम्बन्धी क्रियाकलप |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) ले तोकेका उद्देश्यहरु कार्यान्वयन सम्बन्धमा अध्ययन गर्दा तोकिएका ९ वटा मानसिक विकास गराउने क्रियाकलाम मध्ये सामूदायिक विद्यालयले ७ वटा पूर्ण रुपमा कार्यान्वयन गरेको र २ वटा क्रियाकलापलाई वेवास्ता गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयले ७ वटा पूर्ण रुपमा कार्यान्वयन गरेको १ वटा क्रियाकलापलाई परिमार्जन गरी थप गरी कार्यान्वयन गरेको र २ वटा क्रियाकलापलाई व्यवास्था गरेको पाइयो । सामूदायिक विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई किन दिग्दर्शले निर्दिष्ट गरे अनुसारका सम्पूर्ण क्रियाकलापलाई समावेश नगरिएको हो भन्ने प्रश्नको प्रतिक्रियात्मक जवाफमा समय अभाव तथा विषयगततामा जोड दिनु पर्नेभएका कारण सम्पूर्ण क्रियाकलाप समावेश गर्न नसकिएको कुरा बताएका थिए । त्यसैगरी दिग्दर्शनले तोके अनुसार किन मानसिक विकास गराउने क्रियाकलापलाई परिमार्जन तथा थप गरीएको हो भनि संस्थागत विद्यालयका प्र.अ. तथा शिक्षकसँग सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफमा विषयगत ज्ञानमा बढी ध्यान दिई बालबालिकाहरुको सम्पूर्ण मानसिक पक्षको विकास गराउनको लागि परिमार्जन तथा थप गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए । मानसिक विकास गराउन दुवै विद्यालयहरुमा बालबालिकाको ज्ञानेन्द्रियलाई प्रशिक्षित गराई रङ्ग, आकार, ध्वनि, स्वाद, गन्ध, स्पर्श सम्बन्धि चेतनाको विकास गराउन रङ्गीन कागज, रेडीयोको आवाज, विभिन्न फलफूल तथा जनावरका चित्र, समूहमेलमिलापका चित्र जस्ता सामाग्रीको प्रयोग गरिएको कुरा दुवै विद्यालयका प्र.अ. र शिक्षकले जानकारी दिएका थिए । मानसिक विकास गराउने केहि क्रियाकलापहरु दुवै विद्यालयमा गरिएको पाईएतापनि सामूदायिक विद्यालयको  तुलनामा संस्थागत विद्यालयमा व्यवस्थित रुपमा क्रियाकलापहरु गराएको कुरा कक्षा अवलोकन क्रममा पाईएको थियो ।

दिग्दर्शनले पूर्व प्राथमिक तहको मानसिक विकास गराउने क्रियाकलापहरु तोकेको भए तापनि कतिपय क्रियाकलपहरु अस्पष्ट तथा कार्यान्वयन गराउन कठिन हुने खालको देखिन्छ । बालबालिकाहरुको उमेरलाई ख्याल गरी मानसिक पक्षको विकाश गराउने क्रियाकलापहरु स्पष्ट रुपमा उल्लेख गरी सामूदायिक र संस्थागत दुवै विद्यालयले नियमित तथा व्यवस्थित रुपमा बालबालिकाहरुको मानसिक पक्षको विकास गराउने क्रियाकलापहरु गराउनु पर्ने देखिन्छ ।

### ४.१.४.३ संवेगात्मक पक्षको विकास

संवेग बालबालिकाहरुको विकासमा यस्तो आवश्यक कार्य हो जसको अभावमा बालबालिकाहरुले कुनै पनि क्रियाकलाप गर्न सक्दैनन् । संवेग भावनात्मक अनुभवहरु हुन जुन अनुभवहरुले मानिसलाई गति प्रदान गर्दछ । प्रारम्भिक बालविकास दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि संवेगात्मक पक्षको विकास गराउन निश्चित क्रियाकलाप निर्दिष्ट गरिएको छ । ती क्रियाकलापहरु सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले के, कसरी कार्यान्वयन गरिरहेका छन् भनी प्र.अ. र शिक्षकसँग सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफहरु उनीहरुले निम्नानुसार दिएका थिए ।

तालिका नं. ४.६

**संवेगात्मक पक्षको विसका गराउने क्रियाकलापहरुको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामूदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| – सुरक्षा र स्वतन्त्रताको अनुभूति गराउने । | छैन | छैन |
| – आत्मविश्वास र आफू र आफ्नो भन्ने भावनाको विकास गराउने । | छ | छ |
| – आफू प्रतिको सकारात्मक भावनाको विकास गराउने । | छ | छ |
| – संयमित रहन सक्ने क्रियाकलाप गराउने । | छ | छ |
| – अरुका कुरा सुन्ने र सुईकार्नका लागि सचेतता जगाउने । | छ | छ |
| – आफ्ना कुरा व्यक्त गर्न सक्ने क्रियाकलाप गराउने । | छ | छ |
| – संयमित रहने सिपको विकास गराउने । | छैन | छ |
| थप | | -उचित स्थानमा उचित संवेग प्रकट गर्न सिकाउने । |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा पूर्व प्राथमिक तहको पाठ्यक्रमले तोकेका संवेगात्मक पक्षको विकास गराउने क्रियाकलापहरु कार्यान्वयन सम्बन्धमा अध्ययन गर्दा ७ वटा क्रियाकलापहरु मध्ये सामूदायिक विद्यालयले ५ वटा पूर्ण रुपमा कार्यान्वयन गराएको २ वटालाई वेवास्ता गराएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयले ५ वटा पूर्ण रुपमा कार्यान्वयन गराएको, १

वटा क्रियाकलापलाई परिमार्जन गरी कार्यान्वयन गराएको र १ वटालाई व्यवास्गा गरेको  पाइयो । दिग्दर्शनले निर्दिष्ट गरेको सबै क्रियाकलापहरु किन कार्यान्वयन नगराइएको हो । भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ. तथा शिक्षकहरुले विषयगत ज्ञानलाई जोड दिनु पर्ने साथै बालबालिकाहरुको सम्पूर्ण संवेगात्मक पक्षको विकास गराउनको लागि परिमार्जन तथा थपघट गरिएको हो भन्ने प्रतिक्रिया दिएका थिए ।

दिग्दर्शनले आफू प्रति सकारात्मक भावनाको विकास गराउने, सुरक्षा र स्वतन्त्रताको अनुभूति गराउने, सकारात्मक सोचको विकास गराउने, उचित स्थानमा उचित संवेग प्रकट गर्ने, संयमित रहने सिपको विकास गराउने जस्ता क्रियाकलापहरु गराउनको लागि निर्दिष्ट गरिएको पाइयो । यस्ता क्रियाकलाप सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा संवेग देखाउने चित्र, खेलौना र अन्य दृष्य तथा श्रव्य- दृष्य सामग्रीको प्रयोग गरी स्वतन्त्र रुपमा विभिन्न क्रियाकलाप गर्न दिने, माया, ममता, समान व्यवहार गरी पुरस्कार प्रदान गर्दै गराउने गरेको अवलोकनका क्रममा पाइयो

पूर्व प्राथमिक तहका बालबललिकाहरुका लागि संवेगात्मक पक्षको विकास गराउने विभिन्न क्रियाकलापहरु दिग्दर्शनले स्पष्ट रुपमा उल्लेख गरेको भए तापनि सामूदायिक र संथागत दुवै विद्यालयमा व्यवस्थित रुपमा ती क्रियाकलापहरु संचालनमा कठिनाई भएको देखिन्छ । बालबालिकाहरुको संवेगात्मक पक्षको विकास गराउनका लागि दुवै विद्यालयहरुमा तालिम प्राप्त र दक्ष शिक्षकको व्यवस्था गरी व्यवस्थित रुपमा क्रियाकलापहरुलाई अगाडी बढाउनु पर्ने देखिन्छ र दिग्दर्शले तोकेबमोजिम सबै क्रियाकलापहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

#### ४.१.४.४ सामाजिक पक्षको विकास

सामाजिक पक्षको विकास भन्नाले समाजको मूल्य मान्यता अनुरुप व्यवहार गर्न सक्ने क्षमताको विकास हो । सामाजिक विकास अन्तर्गत आवश्यक ज्ञान, धारणा, विश्वास, मूल्य, मान्यता, सामाजिक अपेक्षाबारे चेतना तथा उपयुक्त व्यवहार पर्दछन् । जन्मदेखि मृत्युसम्म गर्नु पर्ने क्रियाकलापको लाीग वरिपरिको वातावरणबाट सिक्ने ज्ञान, सिप र व्यवहारमा आउने गुणात्मक परिवर्तन नै सामाजिक विकास हो । प्रारम्भिक बाल्यवस्थामा सामाजिक विकासको लागि आमा, बुवा, परिवार र साथीसँगको महत्वपूर्ण भूमिका हुन्छ । बालबालिकाको पहिलो पाठशाला नै घर भएको हुनाले सामाजिक विकासको आधारशिला यहीबाट सुरु भएको पाइन्छ । प्रारम्भिक बलाविकास दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि सामाजिक पक्षको विकास गराउन निश्चित क्रियाकलाप निर्दिष्ट गरिएको छ । ती क्रियाकलापहरु सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले के कसरी कार्यान्वयन गरिरहेका छन् भनी प्र.अ. र शिक्षकसँग सोधिएका प्रश्नको प्रतिक्रियात्मक जवाफहरु उनीहरुले निम्नानुसार दिएका थिए ।

तालिका नं. ४.७

**सामाजिक पक्षको विसका गराउने क्रियाकलापको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामूदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| – सामाजिक मूल्य र मान्यता अनुरुप अरुलाई आदर गर्न सक्ने क्रियाकलाप गराउने । | छ | छ |
| – मिलेर काम गर्ने प्रवृतिको विकास गराउने क्रियाकलापहरु । | छैन | छैन |
| – अग्रसर हुने तथा नेतृत्व लिन सक्ने क्षमता विकास गराउने क्रियाकलापहरु । | छ | छ |
| – अरुको विचारको कदर गर्ने । | छ | छ |
| – सामाजिक परिवेश अनुसार साथीलाई सहयोग गर्ने । | छ | छ |
| – सबैलाई समान व्यवहार गर्ने । | छ | छ |
| – सकारात्मक सोचाइको विकास गराउने क्रियाकलाप । | छ | छैन |
| – व्यक्तिको फरक व्यवहार बुभ्ने, समस्या पर्दा सोच्ने, निर्णय दिने । | छैन | छ |
| – ठिक बेठिक छुट्याउन सक्ने क्रियाकलापहरु | छ | |
| थप | | -राष्ट्रिय गान गाउन लगाउने । |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा पूर्व प्राथमिक तहको पाठ्यक्रमले तोकेका सामाजिक विकास गराउने क्रियाकलाप कार्यान्वयन सम्बन्धमा विचार गर्दा तोकिएका ९ वटा क्रियाकलापहरु मध्ये सामूदायिक विद्यालयले ७ वटा क्रियाकलाप पूर्ण रुपमा कार्यान्वन गराएको र २ वटा क्रियाकलापलाई वेवास्था गरेको पाइयो । त्यसै गरी संस्थागत विद्यालयले ६ वटा पूर्ण रुपमा कार्यान्वयन गराएको, १ वटा क्रियाकलाप थप गरी कार्यान्वयन गराएको र २ वटा क्रियाकलापलाई वेवास्था गरेको पाइयो । केही क्रियाकलापहरु किन परिमार्जन तथा थपघट गरीएको हो भन्ने प्रश्नको जवाफमा दुवै

विद्यालयका प्र.अ. तथा शिक्षकहरुले विषयगत ज्ञात तथा सामाजिक व्यवहारीकतालाई ध्यान दिई बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गराउनका लागि भन्ने प्रतिक्रिया दिएका थिए ।

दिग्दर्शनले सामाजिक पक्षको विकास गराउनको लागि सामाजिक मूल्य, मान्यता अनुरुप अरुलाई आदर गर्ने, सत्य बोल्ने, संस्कृतिको ज्ञान लिने, सहयोगी, ठिक बेठिक छुट्याउने समान व्यवहार गर्ने र अरुको विचारको कदर गर्ने साथै सामाजिक परिवेश अनुसार साथीलाई सहयोग गर्ने जस्ता क्रियाकलाप गराउन निर्दिष्ट गरेकामा यी क्रियाकलापहरु दुवै विद्यालयमा भए तापनि सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा बढि गराइएको पाइयो ।

दिग्दर्शनले पूर्व प्राथमिक तहका बालबालिकाहरुका लागि सामाजिक पक्षको विकास गराउनका लागि विभिन्न क्रियाकलापहरु उल्लेख गरेको भएतापनि स्थानिय संस्कृति, चाडपर्व, मूल्य मान्यता आदि सम्बन्धि अवधारणा स्पष्ट पार्नका लागि सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले बालबालिकाहरुको सामाजिक पक्षको विकास गराउनका लागि अभिनय, प्रदर्शन, समूह छलफल, खेल विधिका मध्यमबाट विभिन्न क्रिकलापहरु गराई दुवै विद्यालयहरुले व्यवस्थित रुपमा बालबालिकाहरुको सामाजिक पक्षको विकास गराउने क्रियाकलापहरु गराउनु पर्ने देखिन्छ ।

### ४.१.५ मूल्याङ्कन प्रविधि

मूल्याङ्कनलाई अपेक्षित उपलब्धीको लेखाजोखा गर्ने विज्ञानका रुपमा लिने गरेको पाइन्छ । बालबालिकाहरुको विकासात्मक अवस्था अनुसार विकासको गति थाहा पाउनको लागि मूल्याङ्कन गरिनु नितान्त आवश्यक छ । प्रारम्भिक बालविकास दिग्दर्शनमा पूर्व प्राथमिक तहका लागि उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शिक्षण सिकाई क्रियाकलाप अनुसार निश्चित मूल्याङ्कन प्रविधि निर्दिष्ट गरीएको छ । ती मूल्याङ्कन प्रविधिहरु सामूदायिक र संस्थागत विद्यालयहरुले के कसरी कार्यान्वयन गरीरहेका छन् भनि दुवै विद्यालयका प्र.अ. र शिक्षकलाई सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफ निम्नानुसार दिएका थिए ।

**तालिका नं. ४.८**

**प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) को मूल्याङ्कन प्रविधिको कार्यान्वयन अवस्था**

| प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ | सामूदायिक विद्यालयको मूल्याङ्कन प्रविधिहरु | संस्थागत विद्यालयको मूल्याङ्कन प्रविधिहरु |
|---|---|---|
| – निरन्तर मूल्याङ्कन (अवलोकन, व्यक्तिगत अभिलेख) | छ | छैन |
| – कार्य सँचयिका द्धारा मूल्याङ्कन गर्ने | छ | छैन |
| – उपलब्धि जाँच (लिखित परीक्षा लिएर) | छ | छ |
| – मौखिक परीक्षा | छ | छ |
| – विभिन्न सामूहिक क्रियाकलाप गराएर | छैन | छ |

स्रोत : प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ र विद्यालय स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई विश्लेषणात्मक रुपमा अध्ययन गर्दा, प्रारम्भिक बाल विकास दिग्दर्सनले पूर्व प्राथमिक तहको लागि निरन्तर मूल्याङ्कनलाई जोड दिँदै तोकिएको ५ वटा मूल्याङ्कन प्रविधिहरु मध्ये सामूदायिक विद्यालयले ४ वटा मूल्याङ्कन प्रविधिहरु पूर्ण रुपमा कार्यन्वयन गरेको पाइयो भने १ वटा मूल्याङ्कन प्रविधिलाई वेवास्था गरेको पाइयो । त्यसै गरी संस्थागत विद्यालयले ३ वटा मूल्याङ्कन प्रविधिलाई पूर्ण रुपमा कार्यान्वयन गरेको पाइयो भने २ वटा लाई वेवास्था गरेको पाइयो । किन प्रारम्भिक बालविकाश दिग्दर्शनले तोकेका केही मूल्याङ्कन प्रविधिहरुलाई वेवास्था गरीएको हो ? भन्ने प्रश्नको जवाफमा पहिला देखि नै यि मूल्याङ्कन प्रविधि अपनाइएको साथै बालबालिकाहरुको उपलब्धी मूल्याङ्कन गर्नको लागि यि मूल्याङ्कन प्रविधि अपनाईएको हो भन्ने प्रतिक्रिया दुवै विद्यालयका प्र.अ. तथा शिक्षकहरुले प्रतिक्रियात्मक जवाफ दिएका थिए । संस्थागत विद्यालयले ३ वटामात्र मूल्याङ्कन प्रविधिलाई कार्यान्वयन गरेको पाइयो । संस्थागत विद्यालयले निरन्तर मूल्याङ्कन प्रविधिलाई कार्यान्वयन नगरेको पाइयो । निरन्तर मूल्याङ्कनलाई किन प्रयोग नगरीएको हो ? भन्ने प्रश्नको जवाफमा संस्थागत विद्यालयका प्र.अ. र शिक्षकहरुले निरन्तर मूल्याङ्कन प्रणााली झन्झटिलो हुने प्रतिक्रिया दिएका थिए । संस्थागत विद्यालयले विषयगत ज्ञानमा बढी जोड दिएको पाइयो भने सामूदायिक विद्यालयले निरन्तर मूल्याङ्कन प्रणालीलाई कार्यानवयन गर्ने गरेको पाइयो । समग्रमा भन्नुपर्दा प्रारम्भिक बालविकास दिग्दर्शनले तोकेका मूल्याङ्कन प्रविधिहरुलाई सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले पूर्ण रुपमा कार्यान्वयन नगरेको पाइयो ।

पूर्व प्राथमिक तहका बालबालिकाहरुका लागि प्रारम्भिक बालविकास दिग्दर्शनले निश्चित मूल्याङ्कन प्रविधिहरु उल्लेख गरेको भएतापनि सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा दिग्दर्शनले तोके बमोजिम

मूल्याङ्कन प्रविधिलाई पूर्ण रुपमा कार्यान्वयन गरेको देखिदैन । डा. मेरीया मन्टेश्वरीले भने झैं बाल केन्द्रित विधिबाट स्वशिक्षण गराउनु पर्ने देखिन्छ । साथै निरन्तर मूयाङ्कन (अवलोकन, व्यत्तिगत अभिलेख), उपलब्धि जाँच, मौखिक परीक्षा, विभिन्न खेल तथा सामूहिक क्रियाकलापहरुलाई जोड दिई बालबालिकाहरुको मूल्याङ्कनलाई व्यवस्थित रुपमा अगाडि बढाउनु पर्ने देखिन्छ ।

## ४.२ पूर्व प्राथमिक तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा आइपरेका समस्या र समाधानका लागि अपनाइएका उपायहरु सम्बन्धि विवरण

पाठ्यक्रमको कार्यान्वयन पक्ष अत्यन्त संवेदनशिल चूनौतिपूर्ण र जटिल हुन्छ । पाठ्यक्रमको सफल कार्यान्वयन यसको योजनामा भर पर्दछ । जति राम्रो पाठ्यक्रम कार्यान्वयन योजना तयार गरिन्छ त्यति नै पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी हुन्छ । सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्या र समाधानका लागि अपनाईएका उपायहरु निम्नानुसार हुनेप्रतिक्रिया प्र.अ. तथा शिक्षकहरुले दिएका थिए ।

### ४.२.१ पाठ्यक्रम कार्यान्वयन गर्दा आईपरेका समस्या सम्बन्धि विवरण

सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमाका प्र.अ. तथा शिक्षकहरुलाई पाठ्यक्रमको कार्यान्वयन गर्दा आइपरेका समस्याहरु के के हुन भनि सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफहरु निम्नानुसार प्राप्त भएका थिए ।

**तालिका नं. ४.९**

**पाठ्यक्रम कार्यान्वयनमा भोग्नु परेका समस्या सम्बन्धि विवरण**

| सामूदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|
| – खेल सामग्रीको अभाव ।<br>– पर्याप्त र उपयुक्त फर्निचरको अभाव ।<br>– समन्वय र समझदारीको अभाव ।<br>– निरीक्षण र अनुगमन समय समयमा हुन नसकनु ।<br>– उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव ।<br>– शिक्षकको पारिश्रमिक न्यून हुनु । | – खेल मैदान तथा सामग्रीको अभाव ।<br>– पर्याप्त र उपयुक्त फर्निचरको अभाव ।<br>– समन्वय र समझदारीको अभाव ।<br>– तालिम प्राप्त शिक्षककहरुको अभाव ।<br>– शिक्षकको पारिश्रमिक न्यून हुनु ।<br>– उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव ।<br>– कक्षाकोठाको उपयुक्त व्यवस्था हुन नसक्नु ।<br>– निरीक्षण र अनुगमनको अभाव । |

स्रोत : विद्यालय स्थलगत अध्ययन, २०६९ ।

**खेल सामग्री तथा मैदानको अभाव**

पूर्व प्राथमिक तहका बालबालिका भनेका अत्यन्तै संवेदनशिल हुन्छन । त्यस अवस्थामा सिकेको सिकाइको प्रभावले बाल बालिकाहरुको भविष्यमा प्रभाव पार्दछ । त्यस कारण पूर्व वाल्यवस्थालाई आधारसिलाको उमेर समेत भन्ने गरेको पाइन्छ । पूर्व प्राथमिक तहका बालबालिकाहरुलाई शिक्षण गराउने विधि खेल विधि भएकोले खेल सामग्री र पर्याप्त खेल मैदानको उचित व्यवस्थापन हुनु पर्दछ । तपाईको विद्यालयमा खेल तथा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ? भन्ने प्रश्नको जवाफमा सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा खेल तथा विभिन्न शैक्षिक सामग्रीको अभाव रहेको प्रतिक्रिया प्र.अ. तथा शिक्षकहरुले दिएका थिए । सामूदायिक विद्यालयमा खेल मैदानको पर्याप्त व्यवस्था हुँदा हुँदै पनि त्यसको उचित र व्यवस्थित रुपमा उपयोग गर्न नसकिएको प्रतिक्रिया प्र.अ. तथा शिक्षकले दिएका थिए भने संस्थागत विद्यालयमा पर्याप्त खेल मैदानको अभाव रहेको कुरा अवलोकन तथा प्र.अ.तथा शिक्षकको प्रतिक्रियाबाट पाइएको थियो ।

दुवै विद्यालयमा खेल सामग्री, फलफूल, घर, जनावरका चित्र, मादल, सिठी, रेडियो, घण्टी, समूह मेलमिलापका चित्र, डोरी, जस्ता सामग्रीहरुको व्यवस्था कक्षा अवलोकनका क्रममा पाइएको थियो । ती सामग्रीहरुलाई व्यवस्थित तरिकाले व्यवस्थापन नगरेको दुवै विद्यालयमा पाइयो । त्यसको व्यवस्थापन उचित रुपमा किन नगरीएको हो ? भन्ने प्रश्नको जवाफमा दुवै विद्यालयका प्र.अ. तथा शिक्षकहरुले ठाउँको अभाव भएको कारणले गर्दा केही सामग्री कक्षाकोठामै र केहि सामग्री अफिस कोठामा राख्नु परेको प्रतिक्रिया दिएका थिए ।

दिग्दर्शनले पूर्व प्राथमिक तहका बालबालिकाहरुका लागि विभिन्न खेल तथा शैक्षिक सामग्रीको व्यवस्था गरिनु पर्ने उल्लेख गरेको भए तापनि सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा पर्याप्त खेल तथा शैक्षिक सामग्रीको अभाव देखिन्छ । सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले दिग्दर्शनले तोकेका साथै स्थानिय स्रोतमा उपलब्ध सामग्रीको बढी भन्दा बढी प्रयोग गर्दै सिकाई क्रियाकलापलाई अगाडी बढाउनु पर्ने देखिन्छ । यसका साथै संस्थागत विद्यालयमा खेल मैदानको अभाव देखिएकोले उपयुक्त खेल मैदानको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**पर्याप्त र उपयुक्त फर्निचरको अभाव**

पूर्व प्राथमिक तहका बालबालिका भनेको ३ देखि ५ वर्ष सम्मका बालबालिका हुन, त्यस कारण उनिहरुको उमेर अनुसार सुहाउँदो वेन्च तथा डेक्स तथा अन्य फर्निचरको व्यवस्था हुन अति आवश्यक हुन्छ । सामूदायिक र संस्थागत दुवै विद्यालयमा पाठ्यक्रमको कार्यान्वयनमा आइपरेको समस्या पर्याप्त र उपयुक्त फर्निचरको व्यवस्था नहुनु हो भन्ने प्रतिक्रिया प्र. अ. तथा शिक्षकहरुले दिएका थिए । सामूदायिक विद्यालयमा फर्निचरहरु बालबालिकाको उमेर अनुसार भएको भए तापनि पर्याप्त मात्रामा व्यवस्था गर्न नसकिएको कुरा प्र.अ.तथा शिक्षकहरुले प्रतिक्रिया दिएका थिए । त्यसैगरी संस्थागत विद्यालयमा कक्षा कोठाको भूइँमा कार्पेट र चकटिको व्यवस्था गरीएको अवलोकनका क्रममा पाईएको

थियो । एकै ठाउँमा बढी भन्दा बढी विद्यार्थीहरु कोचिएर बस्नुपर्ने बाध्यता रहेको पाईएको थियो । त्यस्तो किन भएको हो भन्ने प्रश्नको जवाफमा संस्थागत विद्यालयका प्र.अ. ले कक्षाकोठाको अभाका कारणले भन्ने प्रतिक्रिया दिएका थिए ।

सामूदायिक विद्यालयहरुमा केही वेन्चहरु मिलाएर राखिएको थियो । जुन विद्यार्थी संख्या अनुसार पर्याप्त नभएको पाइयो । त्यसै गरी संस्थागत विद्यालयमा पर्याप्त फर्निचरको अभाका कारणले गर्दा बालबालिकाहरुलाई भूइँमा कार्पेट राखि अध्यापन गराउनु परेको प्रतिक्रिया प्र.अ. तथा शिक्षकहरुले दिएका थिए ।

सामूदायिक र संस्थागत दुवै विद्यलयहरुमा पर्याप्त र उपयुक्त फर्निचरको अभाव रहेको कुरा कक्षा अवलोकनका क्रममा पाईएको थियो । यसको उचित रुपमा निराकरण गर्नका लागि सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुले बालबालिकाको उमेर अनुसार उपयुक्त र पर्याप्त मात्रामा फर्निचरको व्यवस्था गरी बालबालिकाहरुको बसाईलाई सहज बनाउनुपर्ने देखिन्छ ।

**समन्वय  र समझदारीको अभाव**

सामूदायिक विद्यालयमा आफ्ना बालबालिका अध्ययन गर्ने अभिभावक विद्यालयमा कम उपस्थित हुने गरेका कारण समन्वयको अभाव हुनु , प्र.अ., शिक्षक, व्यवस्थापकिय पक्ष, अभिभावक बिच छलफल नहुन जस्ता समस्या रहेको उक्त विद्यालयका प्र.अ. र शिक्षकहरुले प्रतिक्रिया दिएका थिए । लक्षित समूह छलपफलमा उपस्थित भएका अधिकांस सामूदायिक विद्यालयमा पूर्व प्राथमिक तहमा अध्ययन गर्ने बालबालिका अभिभावकहरुले आफूलाई विद्यालयले वर्षमा १/२ पटक मात्र विद्यालयमा बोलाउने गरेको बताएका थिए । तर संस्थागत विद्यालयमा प्र.अ., शिक्षक तथा अभिभावक बिच पटक पटक छलफल, परामर्श तथा अन्तक्रिया हुने गरेका कुरा लक्षित समूह छलफलमा उपस्थित अभिभावकहरुले बताएका थिए ।

समग्रमा भन्नुपर्दा दुवै विद्यालयमा समन्वय र समझदारीको अभाव रहेको कारण पाठ्यक्रम कार्यान्वयनमा समस्या भोग्नु परेको कुरा अध्ययनका क्रममा पाइयो । त्यसको उचित रुपमा समाधान गर्नको लागि प्र. अ. शिक्षक, अभिभावक, व्यवस्थापकिय पक्ष विच पटक पटक समन्वय ,छलफछ तथा अर्न्तक्रिया गर्नुपर्ने देखिन्छ ।

**निरिक्षण र अनुगमन समय समयमा हुन नसक्नु**

पाठ्यक्रम कार्यान्वयन गर्दा दुवै विद्यालयमा आइपरेको अर्को समस्या निरीक्षण र अनुगमनको अभाव रहेको दुवै सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुले जानकारी दिएका थिए । विद्यालयको भौतिक तथा शैक्षिक अवस्था कस्तो छ ? शिक्षक तथा विद्यार्थीको उपस्थिति कस्तो छ ? समस्या समाधान कसरी गर्न सकिन्छ ? भनि समय समयमा निरीक्षण र अनुगमन गरिनु पर्नेमा सम्बन्धित

निकायले निरीक्षण अनुगमन नगरीँदा पाठ्यक्रम कार्यान्वयनमा समस्या आई परेको शिक्षकहरुले प्रतिक्रिया दिएका थिए ।

विद्यालयको निरीक्षण तथा अनुगमन गर्ने प्रमुख दायित्व भनेको प्र. अ., श्रोत व्यक्ति तथा विद्यालय निरीक्षकको हो । विद्यालयमा के कस्ता समस्या आई परेका छन । तिनको उचित रुपमा निराकरण गर्नु तथा गराउनु पर्ने जीम्मेवारी यिनै व्यक्तिहरुको भएका कारण समय-समयमा प्र. अ., श्रोत व्यत्ति तथा विद्यालय निरीक्षकले विद्यालयको निरिक्षण तथा अनुगमन समय-समयमा गरी सामूदायिक र संस्थागत दुवै विद्यालयमा आईपरेका समस्याहरुको उचित रुपमा समाधान गर्नु पर्ने देखिन्छ ।

**उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव**

प्रारम्भिक बालबालिका दिग्दर्शनले पूर्व प्राथमिक तहका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जोड दिएको छ । तर सामूदायिक र संस्थागत दुवै विद्यालयमा मूल्याङ्कन प्रविधि सम्बन्धि समस्या अध्ययनका क्रममा पाइएको थियो । मूल्याङ्कन प्रविधि सम्बन्धमा के कस्ता समस्या छन् भन्ने प्रश्नको जवाफमा सामूदायिक विद्यालयमा आवधिक र निरन्तर मूल्याङ्कन बाट प्राप्त भएको अङ्कको आधारमा साथै उदारकक्षान्नोतीलाई ध्यानमा राखी मूल्याङ्कन गर्ने र कक्षा चढाउने गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयले निरन्तर मूल्याङ्कन प्रविधिलाई झन्झटिलो मानी आवधिक मूल्याङ्कन ( त्रैमिासिक, अर्धवार्षिक र वार्षिक) परिक्षा प्रणालीबाट स्तर निर्धाराण गरी मूल्याङ्कन गरिएको पाइयो ।

प्रारम्भिक बालबालिका दिग्दर्शनले निर्धारण गरे बमोजिम निरन्तर मूल्याङ्कन, अवलोकन, व्यक्तिगत अभिलेख राख्ने कार्य सामूदायिक विद्यालयले गर्ने गरेको भएतापनि संस्थागत विद्यालयले नगरेको पाइयो । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयले दिग्दर्शनले तोके बमोजिम मूल्याङ्कन प्रविधि अपनाउन खोजेको देखिन्छ । । सामूदायिक विद्यालयले अवलोकन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाइ बढी जोड दिएको पाइयो तर संस्थागत विद्यालयले आवधिक परीक्षालाई मूल्याङ्कन प्रविधिको रुपमा बढी जोड दिएको पाइयो । समग्रमा भन्नुपर्दा सामूदायिक र संस्थागत दुवै विद्यालयमा दिग्दर्शनले तोकेका मूल्याङ्कन प्रविधिलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नसकेका कारण पाठ्यक्रम कार्यान्वयनमा समस्या देखा परेको देखिन्छ । त्यसको उचित रुपमा समाधान गर्नका लागि सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले दिग्दर्शनले तोके बमोजिमको मूल्याङ्कन प्रविधिलाई अवलम्बन गर्नु पर्ने देखिन्छ ।

**शिक्षकको पारिश्रमिक न्यून हुनु**

सामूदायिक विद्यालयको पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई सरकारले मासिक १८ सय पारिश्रमिकको व्यवस्था गरेको र विद्यालयको आर्थिक स्रोतबाट २ हजार थप गरी मासिक ३८ सय पारिश्रमिकको व्यवस्था गरिएको जानकारी सामूदायिक विद्यालयका प्र.अ.ले दिएका थिए । दिनको ५/६ घण्टा काम गरी न्यून पारिश्रमिक पाउँदा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, सामग्री निर्माण र सङ्कलन गर्न , थप अध्ययन गर्ने कार्यमा कम चासो लाग्ने गरेको शिक्षकले जानकारी दिए । जसले

पाठ्यक्रमको कार्यान्वयनमा समस्या उत्पन्न भएको देखिन्छ । त्यसैगरि संस्थागत विद्यालयमा अध्यापन गराउने शिक्षकलाई मासिक तलब ४ हजार ५ सय पारिश्रमिक दिने गरेको शिक्षकहरुले बताएका थिए । पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकले धेरै परिश्रम खर्च गर्नु पर्ने हुन्छ तर परिश्रम अनुसार पारिश्रमिक तथा सेवा सुविधा नपाउँदा सामूदायिक तथा संस्थागत विद्यालयका शिक्षक आफ्नो पेशाप्रति सन्तुष्ट नभएको देखिन्छ ।

समग्रमा भन्नुपर्दा सामूदायिक र संस्थागत विद्यालयका शिक्षकहरुलाई उनिहरुको परिश्रम अनुसार पारिश्रमिक दिन सकेको खण्डमा शिक्षक आफ्नो पेशा प्रति लगनशिल हुने र उत्प्रेरित भई पाठ्यक्रमलाई सफल रुपमा कार्यान्वयन गराउन सकिने देखिन्छ ।

**तालिमा प्राप्त शिक्षकको अभाव**

तालिम प्राप्त शिक्षकले नै बालबालिकाहरुको मनोभावना बुझी शिक्षण गर्न सक्दछन् । सामूदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुले तालिम लिएको भए तापनि संस्थागत विद्यालयमा पूर्व प्राथमिक तह अध्यापन गराउने शिक्षकले हाल सम्म कुनै तालिम नलिएकाले पाठ्यक्रमको कार्यान्वयनमा समस्या भएको जानकारी शिक्षकले दिएका थिए ।

**कक्षाकोठाको उपयुक्त व्यवस्था हुन नसक्नु**

पूर्व प्राथमिक तहका लागि फराकिलो, हावादार, प्रकाश आउने जाडो मौसममा न्यानो, गर्मीमा सितलता प्रदान गर्ने खालको कक्षाकोठाको व्यवस्था हुनु पर्दछ । तर संस्थागत विद्यलयले भोग्नु पर्ने अर्को समस्या उपयुक्त कक्षाकोठाको व्यवस्था हुन नसक्नु हो । जसको कारणले पठनपाठनमा समस्या उत्पन्न भई पाठ्यक्रम कार्यान्वयनमा समस्या देखा परेको कक्षा अवलोकनको क्रममा संस्थागत विद्यालयमा पाइएको थियो ।

**४.२.२ पाठ्यक्रमको कार्यान्वयनमा आईपरेका समस्या समाधानका लागि अपनाईएका उपायहरु**

पाठ्यक्रमको सफल कार्यान्वयन यसको योजनामा भर पर्दछ । जति राम्रो पाठ्यक्रम कार्यान्वयन योजना तयार गरिन्छ त्यति नै पाठ्यक्रमको कार्यान्यिन प्रभावकारी हुन्छ । सामूदायिक र संस्थागत दुवै विद्यालयमा प्र.अ. तथा शिक्षकहरुलाई पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्या समाधान गर्न के के उपायहरु अपनाइएका थिए ? भनी सोधिएको प्रश्नको प्रतिक्रियात्मक जवाफहरु निम्नानुसार प्राप्त भएका थिए ।

तालिका नं. ४.१०

**पाठ्यक्रमको कार्यान्वयनमा आईपरेका समस्या समाधानका लागि अपनाइएका उपायहरुको स्थिति विवरण**

| **सामूदायिक विद्यालय** | **संस्थागत विद्यालय** |
|---|---|
| – भौतिक सुविधामा वृद्धि ।<br>– खेल तथा शैक्षिक सामग्रीको उपलब्धता ।<br>– निरीक्षण र अनुगमनमा वृद्धि ।<br>– कक्षा शिक्षणको व्यवस्था ।<br>– पारिश्रमिक र सेवा सुविधामा वृद्धि ।<br>– शिक्षक तालिमको व्यवस्था ।<br>– अभिभावकसँग नियमित रुपमा अन्तक्रिया । | – शिक्षकलाइ तालिमको व्यवस्था ।<br>– खेल शैक्षिक सामग्रीको उपलब्धता ।<br>– निरीक्षण र अनुगमनमा बृद्धि ।<br>– भौतिक सुविधामा वृद्वि ।<br>– कक्षा शिक्षणको व्यवस्था ।<br>– पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि । |

स्रोत : विद्यालय स्थलगत अध्ययन, २०६९ ।

**भौतिक सुविधामा वृद्धि गर्नु पर्ने**

शिक्षण सिकाई क्रियाकलापलाई सरल र सहज रुपमा सम्पन्न गर्नको लागि भौतिक सुविधाको उचित रुपमा वृद्धि गर्नु पर्दछ । भौतिक सुविधा सम्पन्न स्थानमा मात्रै पूर्व प्राथमिक तहका बालबालिकाहरुलाई शिक्षण गर्न सफल र सहज हुन्छ । सामूदायिक तथा संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहका लागि पाठ्यक्रमले तोके अनुसार सुविधायुक्त कक्षाकोठा, फर्निचर, शिक्षण सामग्री तथा खेल सामग्री, उचित रुपमा प्रवन्द्ध मिलाउँदै गरेको कुरा दुवै विद्यालयका प्र.अ.ले जानकारी दिएका थिए ।

पूर्व प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुको सिकाईलाई सहज बनाउनको लागि सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले भौतिक सुविधामा वृद्धि गर्नु पर्ने देखिन्छ ।

**खेल तथा शैक्षिक सामग्रीको उपलब्धता**

सामूदायिक र संस्थागत दुवै विद्यालयमा खेल र शैक्षिक सामग्री रहेपनि पर्याप्त मात्रामा नभएको अध्ययनको क्रममा पाइएको थियो । खेल तथा शैक्षिक सामग्रीको अपुगलाई कसरी व्यवस्था

गर्नु हुन्छ ? भन्ने प्रश्नको प्रतिक्रियात्मक जवाफमा सामुदायिक विद्यालयका प्र.अ.हरुले स्रोतकेन्द्रलाई सामग्रीहरु उपलब्ध गराईदिन पहल गर्ने तथा विभिन्न सामाजिक संस्था र चन्दादाताहरुलाई सहयोग गर्नका लागि अपिल गरीरहेको प्रतिक्रिया दिएका थिए । त्यसैगरी संस्थागत विद्यालयले आफ्नो आर्थिक स्रोतबाट नै सामग्रीहरु खरिद गर्ने व्यवस्था मिलाएको कुरा प्र.अ. ले जानकारी दिएका थिए ।

प्रारम्भिक बालविकास दिग्दर्शनले बालबालिकाहरुको सिकाईलाई सहज र स्थाई बनाउनको लागि विभिन्न प्रकारका खेल तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गरेको भएतापनि सामूदायिक तथा संस्थागत विद्यालयमा खेल तथा शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था हुन नसकेको देखिएकोले दुवै विद्यालयमा खेल तथा शैक्षिक समग्रीको पर्याप्त व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**निरीक्षण र अनुगमनमा वृद्धि**

कुनै पनि पाठ्यक्रमको सहि र उचित रुपमा कार्यान्वयन गर्नको लागि कार्यान्वयनमा आइपरेका समस्यालाई समाधान गर्न निरीक्षण र अनुगमनमा वृद्धि गर्नुपर्दछ । त्यसबाट पहिल्याइएका कमि कमजोरीहरुलाई उचित रुपमा समाधान गर्दै जानु पर्छ । अनि मात्र सहि रुपमा पाठ्यक्रम कार्यान्वयन हुन जान्छ । पाठ्यक्रमको कार्यान्वयन भौतिक अवस्था, शैक्षिक अवस्था, शिक्षक तथा विद्यार्थीको क्रियाकलाप आदि पक्षको निरीक्षण र अनुगमनमा वृद्धि गरी, सुझाव, आवश्यक परामर्श र निर्देशनमा गरिने प्रतिक्रिया सामूदायिक र संस्थागत दुवै विद्यालयका प्र.अ. हरुले दिएका थिए । स्रोत व्यक्ति तथा प्र.अ. ले समय समयमा अनुगमन तथा निरीक्षण गरेको खण्डमा शिक्षण सिकाई प्रभावकारी हुन गई सही रुपमा पाठ्यक्रम कार्यान्वयन हुने कुरा दुवै विद्यालयका प्र.अ.हरुले बताएका थिए ।

सामूदायिक तथा संस्थागत दुवै विद्यालयका प्र. अ. हरुले पूर्व प्रथिमिक तहको निरिक्षण र अनुगमन समय - समयमा गर्नु पर्ने देखिन्छ । साथै स्रोत व्यक्तिबाट समय - समयमा निरिक्षण तथा अनुगमन गराई आवश्यक सल्लाह र निर्देशनका आधारमा पाठ्यक्रमको सहि रुपमा कार्यान्वयन गर्नु पर्ने देदिन्छ ।

**कक्षा शिक्षणको व्यवस्था**

पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई तालिम दिएर कक्षा शिक्षणबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने सामूदायिक विद्यालयका प्र.अ.हरुले जानकारी दिएका थिए । पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरुलाई तालिम उपलब्ध गराई नयाँ शैक्षिक सत्र देखि कक्षा शिक्षणको व्यवस्था गरिने प्रतिक्रिया संस्थागत विद्यालयका प्र.अ.ले दिएका थिए । सामूदायिक विद्यालयका शिक्षकलाई स्रोत केन्द्र मार्फत तालिम दिइएको भए तापनि शिक्षकमा आत्म विश्वास तथा व्यवस्थित रुपमा शिक्षण अगाडी बढाउन नसकेको कुरा कक्षा अवलोकनका क्रममा पाइएको थियो ।

बालबालिकाहरुको सिकाई प्रक्रियालाई व्यवस्थित रुपमा अगाडी बढाउनको लागि सामूदायि तथा संस्थागत दुवै विद्यालयहरुले पूर्व प्रथिमिक तहमा अध्यापन गराउने शिक्षकहरुलाई उपयुक्त तालिमको

व्यवस्था गरी कक्षा शिक्षण मार्फत विभिन्न क्रियाकलापहरु गराउर्नु पर्ने देखिन्छ ।

**पारिश्रमिक र सेवा सुविधामा वृद्धि**

जब शिक्षक पेशा प्रति सन्तुष्ट हुन्छ तब मात्र शिक्षण सिकाई क्रियाकलापलाई सहि र सरल रुपमा प्रस्तुत गर्न सक्दछ । शिक्षकलाई पेसाप्रति सन्तुष्टि प्रदान गर्न उचित पारिश्रमिक तथा सेवा सुविधाको व्यवस्था गर्नु पर्दछ । सामूदायिक विद्यालयका शिक्षकलाई तपाईले पाउने पारिश्रमीक देखि सन्तुष्ट हुनुहुन्छ ? भनि सोधिएको प्रश्नको जवाफमा असन्तुष्ट रहेको प्रतिक्रिया दिएका थिए । त्यसबाट सामूदायिक विद्यालयमा पारिश्रमिक सम्बन्धी समस्या रहेको पाइएको थियो । नयाँ शैक्षिक सत्र देखि विद्यालयको स्रोतबाट पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि गरीने जानकारी प्र.अ. ले दिएका थिए ।

सामूदायिक विद्यालयमा पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरुको पारिश्रमीक अत्यन्त कम देखिन्छ । शिक्षकहरुको पारिश्रमीक तथा सेवा सुविधामा वृद्धि गर्न सकेको खण्डमा शिक्षकहरुलाई आफ्नो पेशाप्रति सन्तुष्टि हुनगई काम गर्ने उत्प्रेरणा र उत्साह प्राप्त हुने देखिन्छ ।

**शिक्षक तालिमको व्यवस्था**

शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ । शिक्षकलाई तालिमको व्यवस्था गरिएको छ ? भन्ने प्रश्नको जवाफमा सामूदायिक विद्यालयका प्र.अ.ले नेपाल सरकारको सहयोगमा आयोजित आधारभूत तालिम र स्रोतबाट केन्द्रबाट सञ्चालित पूर्व प्राथमिक तहको तालिममा समावेश गराइएको प्रतिक्रिया दिएका थिए । संस्थागत विद्यालयले पनि आफ्नो नजिकका सामूदायिक विद्यालयसँग समन्वय गरी तालिमको व्यवस्था मिलाउनको लागि पहल भईरहेको प्रतिक्रिया संस्थागत विद्यालयका प्र.अ.ले जानकारी दिएका थिए ।

सामूदायिक विद्यालयको पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरुले आधारभुत तालिम लिएका भए पनि संस्थागत विद्यालयमा अध्यापन गराउने शिक्षकहरुले तालिम लिएको देखिंदैन । दुवै विद्यालयको पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरुलाई उपयुक्त तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**अभिभावकसँग नियमित रुपमा अन्तक्रिया**

सामूदायिक तथा संस्थागत दुवै विद्यालयका प्र.अ.हरुले पूर्व प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुका अभिभावकहरुलाई समय समयमा विद्यालयमा बेलाई पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्याको बारेमा जानकारी गराई आपसि अन्तक्रियाबाट देखापरेका समस्याहरुको समाधान गर्नका लागि आउँदा दिनहरुमा अन्तक्रियात्मक क्रियाकलापहरु नियमीत रुपमा सञ्चालन गर्ने प्रतिक्रिया दिएका थिए ।

दुवै विद्यालयले पूर्व प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुका अभिभावकसँग पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु आई परेका छन । ती समस्याहरुको उचित रुपमा के कसरी समाधान गर्न सकिन्छ भन्ने सम्बन्धमा समय - समयमा अन्तक्रिया गर्नु पर्ने देखिन्छ ।

## अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

"सामूदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन" गर्ने उद्देश्यले रौटहट जिल्लाको सन्तपुर (म.) गा.वि.स. मा अवस्थित २ वटा सामूदायिक र २ वटा संस्थागत विद्यालयलाई सूविधाजनक नमूना छनौट विधि प्रयोग गरी छनौट गरिएको थियो । अनुसन्धानमा गुणात्मक र वर्णनात्मक पद्धतिबाट प्राप्त सूचनालाई विश्लेषण र व्याख्या गरिएको थियो । जसको प्राप्ति, निष्कर्ष र सुझावलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्तिहरु

यो अध्ययन रौतहट जिल्ला सन्तपुर (म.) गा.वि.स. अन्तर्गत रहेका २ वटा सामूदायिक र २ वटा संस्थागत पूर्व प्राथमिक तह संचालन गरेका विद्यालयमा गरिएको थियो । संकलित सूचनाको विश्लेषणका आधारमा निम्नानुसारका प्राप्तिहरु प्रस्तुत गरिएको छ ।

**उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शैक्षिक क्रियाकलाप, मूल्याङ्कन प्रविधि**

**उद्देश्य**

प्रारम्भिक बालविकास दिग्दर्शनले पूर्व प्राथमिक तहको लागि जम्मा ५ वटा शैक्षिक उद्देश्य निर्दिष्ट गरेकामा सामूदायिक विद्यालयले ३ वटा उद्देश्यलाई पूर्ण रुपमा र २ वटा उद्देश्यलाई आवश्यकता अनुसार सहज बनाई साथै संस्थागत विद्यालयले ३ वटा पूर्ण रुपमा, २ वटा आवश्यकता अनुसार सहज बनाई र १ वटा आवश्यकता अनुसार थप गरी कार्यान्वयन गराएको पाइयो ।

- सामूदायिक तथा संस्थागत दुवै विद्यालयले विकासात्मक तथा विषयगत सिकाईलाई मध्यनजर गर्दै प्रारम्भिक बालविकास दिग्दर्शनका उद्देश्यलाई जोड दिएको पाइयो ।

**विषयवस्तु**

- प्रारम्भिक बालविकास दिग्दर्शनले विकासात्मक र विषयगत सिकाई क्षेत्र गरी जम्मा ९ वटा विषयहरु समावेश गरेकोमा सामूदायिक विद्यालयले ८ वटा विषयवस्तु पूर्ण रुपमा १ वटा विषयवस्तुलाई वास्ता नै नगरेको र १ वटालाई थप परेको साथै संस्थागत विद्यालयले ८ वटा पूर्ण रुपमा, २ वटा परिमार्जन गरेको र १ वटा विषयवस्तु आवश्यकता अनुसार थप गरी कार्यान्वयन गरेको पाइयो ।

- सामूदायिक र संस्थागत दुवै विद्यालमा यस तहका बालबालिकाहरुलाई अंग्रेजी विषयमा बढी ज्ञान दिन अङ्ग्रेजी विषयका विषयवस्तुहरु पनि दिइएको पाइयो ।

- सामूदायिक विद्यालयमा प्रारम्भिक बालविकास दिग्दर्शनले उल्लेख गरे अनुसार विषयवस्तु राखिएको र पाठ्यपुस्तक अनिवार्य नबनाएको पाइयो भने संस्थागत विद्यालयले दिग्दर्शनले

तोकेका विषयवस्तुलाई समेटेतापनि विषयगत ज्ञान दिन पाठ्यपुस्तक राखी किताबी ज्ञानलाई बढी जोड दिइएको पाइयो ।

- सामूदायिक र संस्थागत विद्यालयले पूर्व प्राथमिक तहका बालबालिकाहरुलाई विद्यालयको समय तालिका अनुसार सिकाउने, खेलाउने, विभिन्न क्रियाकलापमा सामेल गराउने, खाजा खुवाउने जस्ता क्रियाकलापहरु गराइएको पाइयो ।
- सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकास गराउने साथै नेपाली, अंग्रेजी, गणित स्वास्थ्य, सामाजिक जस्ता विषयको आधारभूत ज्ञान दिने विषयवस्तुहरु समावेश गरेको पाइयो ।

**शैक्षिक सामग्री**

- सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा पूर्व प्राथमिक तहका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको अपर्याप्तता रहेको कक्षा अवलोकनबाट पाइयो ।
- सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयले पूर्व प्राथमिक तहका बालबालिकाहरुका लागि शैक्षिक सामग्रीको बढी व्याख्या गरेको पाइयो ।
- सामूदायिक विद्यालयको पूर्व प्राथमिक तहको कक्षाकोठा संस्थागत विद्यालयको तुलनामा केही ठूलो भए तापनि शैक्षिक सामग्रीलाई व्यवस्थित रुपमा मिलाएर नराखिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयले शैक्षिक सामग्रीको प्रयोग गरीसकेपछि मन्टेश्वरी ल्यावमा व्यस्थित रुपमा राख्ने गरेको पाइयो ।
- प्रारम्भिक बालबालिका दिग्दर्शनले स्थानिय स्तरमा उपलब्ध सामग्रीलाई जोड दिएको र सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा स्थानिय स्तरमा उपलब्ध शैक्षिक सामग्री प्रयोग गर्ने गरेको कक्षा अवलोकन क्रममा पाइयो ।

**शैक्षिक क्रियाकलाप**

- प्रारम्भिक बालविकास दिग्दर्शनले शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक पक्षको विकास गराउने क्रियाकलापमा विशेष जोड दिएको र सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले त्यस्ता क्रियाकलापहरु पूर्ण रुपमा कार्यान्वयन नगराउने गरेको पाइयो ।
- शारीरिक पक्षको विकास गराउने क्रियाकलाप गराउन विभिन्न किसीमका सामग्रीहरु बल, डोरी, पिङ्ग, चिप्लेटी जस्ता सामग्रीहरु प्रयोग गरी खेल तथा प्रदर्शन विधिहरुको प्रयोग गरेको पाइयो ।

- पूर्व प्राथमिक तहका बालबालिकाहरुको शारीरिक पक्षको विकास गराउँदा सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयले खेल तथा मनोरञ्जनात्मक क्रियाकलापको माध्यमबाट व्यवस्थित रुपमा क्रियाकलापहरु सञ्चालन गरेको पाइयो ।
- सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयले पूर्व प्राथमिकत तहमा मानसिक विकास गराउने क्रियाकलाप संगठित तथा व्यवस्थित रुपमा सञ्चालन गरेको पाइयो ।
- दुवै विद्यालयहरुमा मानसिक पक्षको विकास गराउनका लागि रङ्गीन कागज, कागजका टुक्रा, काठका ब्लक, रेडीयो जस्ता साधनहरुको प्रयोग गरी क्रियाकलाप गराउने गरेको पाइयो ।
- सामूदायिक र संस्थागत दुवै विद्यालयहरुले रङ्ग, स्वाद, आकार, स्पर्श सम्बन्धि क्रियाकलाप, आकार सम्बन्धि आधारभूत धारणाको विकास, ध्यान पूर्वक सुन्ने, समय सम्बन्धि ज्ञान दिने, सिर्जनात्मक क्षमताको विकास गराउने जस्ता मानसिक विकास गराउने क्रियाकलापहरु सञ्चालन गराएको पाइयो ।
- दुवै विद्यालयहरुले बालवालिकाहरुमा संवेगात्मक पक्षको विकास गराउनको लागि संवेगलाई नियन्त्रण गर्न सिकाउने, मायाममता देखाउने, सूरक्षा र स्वतन्त्रताको अनुभूति गराउने, संयमित रहन सिकाउने, आफ्ना कुरा राख्ने अरुका कुरा सुन्ने, आफूप्रतिको सकारात्मक भावनाको विकास गराउने, संयमित रहने सिपको विकास गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गरेको पाइयो ।
- पूर्व प्राथमिक तहका बालबालिकाहरुको संवेगात्मक पक्षको विकास गराउने सिलसिलामा सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयले व्यवस्थित तथा सिलसिलेवार रुपमा क्रियाकलापहरु सञ्चालन गरे तापनि दुवै विद्यालयहरुले दिग्दर्शनले तोकिए बमोजिका क्रियाकलापहरु पूर्ण रुपमा कार्यान्वयन गर्न  नसकेको पाइयो ।
- दुवै विद्यालयहरुले संवेगात्मक पक्षको विकास गराउने क्रियाकलाप विभिन संवेग देखाउने चित्र, खेलौना, दृश्य, श्रव्य, श्रव्य - दृश्य जस्ता सामग्रीहरुको प्रयोग गरि गराउने गरेको पाइयो ।
- प्रारम्भिक बालविकास दिग्दर्शन पूर्व प्राथमिक तहका बालबालिकाहरुको सामाजिक पक्षको विकास गराउनका लागि राष्ट्रिय गान गाउन लगाउने, मिलेर काम गर्ने प्रकृतिको विकास गराउने, सहयोगी भावनाको विकास गराउने, ठिक बेठिक छुट्याउने क्रियाकलाप, सत्य बोल्ने लाइनमा पालो पर्खने अभ्यासको क्रियाकलाप गराउन निर्दिष्ट गरेको छ जुन क्रियाकलाप दुवै विद्याालयहरुले केही मात्रामा गराएका भए तापनि संस्थागत विद्यालयले व्यवस्थित रुपमा गराएको पाइयो ।

- सामाजिक पक्षको विकास गराउने क्रियाकलाप गराउन स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरुको प्रयोग गरी खेल, अभिनय, समूह छलफल विधिको प्रयोग गरी सञ्चालन दुवै विद्यालयले गरेको पाइयो ।

**मूल्याङ्कन प्रविधि**

- प्रारम्भिक बालविकास दिग्दर्शनले पूर्व प्राथमिक तहका बालबालिकाहरुको लागि मूल्याङ्कन गर्ने प्रविधिको रुपमा निरन्तर मूल्याङ्कन (अवलोकन, व्यक्तिगत अभिलेख), कार्य संचयिका द्धारा मूल्याङ्कन, उपलब्धि जाँच (लिखित परीक्षा), मौखिक परीक्षा जस्ता मूल्याङ्कन प्रविधिको प्रयोग गरेको छ । जुन मूल्याङ्कन प्रविधिहरु सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुले पूर्ण रुपमा अवलम्बन गर्न नसकेको पाइयो ।
- तुलनात्मक रुपमा संस्थागत विद्यालयको तुलनामा सामूदायिक विद्यालयले दिग्दर्शनले तोकेका मूल्याङ्कन प्रविधिहरुको अवलम्बन गर्ने प्रयास गरेको पाइयो ।
- सामूदायिक विद्यालयले दिग्दर्शनले निर्दिष्ट गरे अनुसार एवं उदार कक्षोन्नती मार्फत मूल्याङ्कन प्रविधि अपनाएको पाइयो तर संस्थागत विद्यालयले आवधिक मूल्याङ्कनबाट मात्र बालबालिकाहरुको मूल्याङ्कन गरेको पााइयो ।

**पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु**

- सामूदायिक विद्यालयमा खेल मैदानको पर्याप्त व्यवस्था भए तापनि तुलनात्मक रुपमा संस्थागत विद्यालयमा खेल मैदान साँघुरो रहेको पाइयो ।
- सामूदायिक र संस्थागत दुवै विद्यालयमका खेल सामग्री तथा शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था हुन नसकेको तर तुलनात्मक रुपमा सामूदायिक विद्यालयको तुलनात्मक संस्थागत विद्यालयमा केही बढी तथा ती सामग्रीहरुलाई व्यवस्थित रुपमा राखेको पाइयो ।
- सामूदायिक विद्यालयमा विद्यार्थीहरुको उमेर तथा विकासात्मक अवस्था अनुसार उपयुक्त फर्निचरको व्यवस्था भए तापनि विद्यार्थीको संख्या अनुसार पर्याप्त नभएको तथा संस्थागत विद्यालयमा कक्षाकोठामा भूईँमा कार्पेट र चकटिको व्यवस्थ गरीएको साथै उनिहरुको उमेर लाई ख्याल गरी स-साना टेबलको व्यवस्था गरीएको थियो । दुवै विद्यालयमा पर्याप्त मात्रामा फर्निचरको व्यवस्था नभएको कक्षा अवलोकनका क्रममा पाइयो ।
- सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा शिक्षकले शिक्षण गरेबापत पाउने पारिश्रमीक न्यून भएका कारण आफ्नो शिक्षण पेशा प्रति जाँगर नभएको प्रतिक्रिया शिक्षकहरुबाट पाइएको थियो ।

- सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा दिग्दर्शनले तोके बमोजिमको पूर्ण तथा उपयुक्त मल्याङ्कन प्रविधिको अभाव रहेको अध्ययनका क्रममा पाइएको थियो ।
- सामूदायिक विद्यालयका पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकका लागि स्रोत केन्द्र तथा जिल्लाशिक्षा कार्यालय मार्फत तालिमको व्यवस्था गरिएको भएतापनि संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षकको अभाव रहेको पाइयो ।
- सामूदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा उपयुक्त कक्षाकोठाको अभाव रहेको पाइयो ।
- संस्थागत विद्यालयको तुलनामा पूर्व प्राथमिक तहको सामूदायिक विद्यालयमा अध्यापन गराउने शिक्षिकाको पारिश्रमीक अत्यन्त न्यून रहेको पाइयो ।

**पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्या समाधानका उपायहरु**

प्र.अ, शिक्षक तथा अभिभावकबाट प्राप्त प्रतिक्रिया अनुसार समस्या समाधानका लागि अपनाइएका उपायहरु :-

- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा भौतिक सुविधामा वृद्धि गरिने प्रतिक्रिया प्र.अ. तथा शिक्षकहरुबाट पाइएको थियो ।
- पूर्व प्राथमिक तहका बालबालिकाहरुका लागि खेल तथा शैक्षिक सामग्रीको व्यवस्था सामूदायिक तथा संस्थागत दुवै विद्यालयमा गरिने ।
- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा पूर्व प्राथमिक तहको कक्षा अवलोकन साथै निरीक्षण अनुगमन सम्बन्धित निकायबाट समय समयमा गराउने ।
- पूर्व प्राथमिक तहमा अध्यापन गराउने सामूदायिक र संस्थागत दुवै विद्यालयका शिक्षकहरुको पारिश्रमिक र सेवा सुविधामा वृद्धि गरिने ।
- संस्थागत विद्यालयको पूर्व प्राथमिक तहमा अध्यापन गराउने शिक्षकलाई तालिमका लागि पहल गरिने ।
- प्रभावकारी सिकाई गर्न दुवै विद्यालयहरुमा कक्षा शिक्षणको व्यवस्था ।

## ५.२ निष्कर्ष

सामूदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययनबाट निम्नानुसारको निष्कर्ष पाइएको थियो ।

नेपाल सरकार, शिक्षा विभाग, प्रारम्भिक बालविकाश शाखाले प्रकासित गरेको प्रारम्भिक बालबालिका दिग्दर्शनले पूर्व प्राथमिक तहका लागि निश्चित उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, शैक्षिक

क्रियाकलाप, मूल्याङ्कन प्रविधि निर्दिष्ट गरेको  छ । दिग्दर्शनले निर्दिष्ट गरेका ५ वटा उद्देश्यहरु मध्ये सामूदायिक विद्यालयले ३ वटा पूर्ण रुपमा र २ वटा आवश्यकता अनुसार परीमार्जन गरी कार्यान्वयन गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयले ३ वटा पूर्ण रुपमा, २ वटा परीमार्जन गरी र १ वटा आवश्यकता अनुसार थप गरी कार्यान्वयन गरेको पाइयो । सामूदायिक र संस्थागत दुवै विद्यालयले दिग्दर्शनले तोकेका विषयवस्तुलाई बढी जोड दिन खोजेको पाइयो । दुवै विद्यालयमा शैक्षिक सामग्री स्थानीय रुपमा उपलब्ध हुने खालका साथै बजार बाट खरिद गर्न सकिने पाइयो । बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको विकास गराउने साथै विषयगत ज्ञान दिनका लागि नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक, स्वास्थ्य जस्ता विषयका आधारभूत ज्ञान दिने खालका विषयवस्तुहरु सामूदायिक र संस्थागत दुवै विद्यालयले जोड दिए तापनि संस्थागत विद्यालयले विषयगत ज्ञानलाई बढी जोड दिएको पाइयो ।

सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा उपयुक्त कक्षाकोठा, भौतिक सुविधा, खेलमैदान, खेल सामग्री, शैक्षिक सामग्री, निरिक्षण र अनुगमन नहुनु, समन्वय र समझदारीको अभाव, उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव जस्ता समस्या दुवै विद्यालयमा देखिएका थिए । दिग्दर्शनले तोके बमोजिम सामूदायिक विद्यालयले निरन्तर मूल्याङ्कन प्रविधिलाई बढी जोड दिएको छ भने संस्थागत विद्यालयले आवधिक मूल्याङ्कनलाई जोड दिएको देखिन्छ । सामूदायिक र संस्थागत दुवै विद्यालयहरुमा पूर्व प्राथमिक तहमा पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्न भौतिक सुविधामा वृद्धि, खेल तथा शिक्षणको व्यवस्था, अभिभावकसँग नियमित रुपमा अन्तक्रिया, पारिश्रमीक र सेवा सुविधामा वृद्धि, शिक्षक तालिको व्यवस्था जस्ता कुरामा जोड दिइएको पाइयो ।

## ५.३ सुझावहरु

"सामूदायिक र संस्थागत विद्यालयमा पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन" शीर्षक माथि गरिएको अध्ययनका आधारमा निम्नानुसारका सुझावहरु दिनु पर्ने देखिन्छ ।

- प्रारम्भिक बालविकास दिग्दर्शनले निर्दिष्ट गरेका शैक्षिक उद्देश्यहरु सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुले पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा प्रारम्भिक बाल विकास दिग्दर्शनले तोकिए बमोजिको विषयवस्तु समावेश गराउने प्रयास भए तापनि त्यसको कार्यान्वयन व्यवस्थित रुपमा दुवै विद्यालयहरुमा हुनु पर्ने देखिन्छ ।
- बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक पक्षको विकास गराउने तथा नेपाली, अंग्रेजी, गणित जस्ता विषयको आधारभूत ज्ञान दिने किसिमका विषयवस्तुहरु प्रारम्भिक बाल विकास दिग्दर्शनले निर्दिष्ट गरेको भए तापनि विषय क्षेत्रलाई आधार मानि व्यवहारीक ज्ञान दिने कुरामा दुवै विद्यालयले जोड दिनु पर्ने देखिन्छ ।

- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा पूर्व प्राथमिक तहका लागि उपयुक्त कक्षाकोठाको व्यवस्था गरी कक्षाकोठा भित्रै शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने प्रवन्ध मिलाउनु पर्ने देखिन्छ ।

- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा पूर्व प्राथमिक कक्षाका लागि पर्याप्त शैक्षिक तथा खेल सामग्रीको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- प्रारम्भिक बालविकास दिग्दर्शनले निर्दिष्ट गरेका शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक पक्षको विकास गराउने क्रियाकलापहरु दुवै विद्यालयले केही मात्रामा गराएको भएतापनि त्यसलाई व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

- दिग्दर्शनले निर्धारण गरेको मूल्याङ्कन प्रविधि संस्थागत विद्यालयको तुलनामा सामूदायिक विद्यालयले बढी अवलम्वन गरेको भएतापनि दुवै विद्यालयहरुले दिग्दर्शनले निर्दिष्ट गरे बमोजिम पूर्ण रुपमा अवलम्बन गर्नु पर्ने देखिन्छ ।

- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा शिक्षकको पारिश्रमीक न्यून रहेको देखिएकोले शिक्षकको पारिश्रमीक तथा सेवा सुविधामा वृद्धि गर्नु पर्ने देखिन्छ ।

- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुले बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गराउनको लागि शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकास गराउने क्रियाकलापहरु व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

- सामूदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका शिक्षकहरु तालिम प्राप्त नभएका कारणले शिक्षकहरुलाई उपयुक्त तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- सामूदायिक तथा संस्थागत विद्यालयमा पर्याप्त मात्रामा खेल सामग्री तथा पूर्व प्राथमिक तहका लागि खेल मैदानको व्यवस्था नभएकोले बालबालिकाहरुलाई स्वतन्त्र रुपमा खेल्न कठिन भएको कारणले गर्दा पर्याप्त खेल सामग्री तथा खेल मैदानको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- बालबालिकाहरुको उमेर अनुसार उपयुक्त चर्पीको व्यवस्था नभएकोले दुवै विद्यालयहरुले पूर्व प्राथमिक तहका बालबालिकाहरुको उमेरलाई ख्याल गरी उपयुक्त चर्पीको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- सामूदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा पूर्व प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुका अभिभावकहरुलाई समय - समयमा विभिन्न अन्तर्क्रिया, परामर्श तथा छलफलमा सामेल गराई पाठ्यक्रम कार्यान्वयनमा आई परेका समस्याहरुको उचित रुपमा समाधान गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


शिक्षा विभाग (२०६२), *प्रारम्भिक वालविकास दिग्दर्शन,* सानोठिमी, भक्तपुर : प्रारम्भिक वालविकास शाखा, सानोठिमी, भक्तपुर ।

कअधिकारी, विष्णुप्रसाद (२०६८/६९), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* बागबजार, काठमाडौं : आशिष पुस्तक भण्डार ।

सापकोटा, रमाकान्त (२०६२), *प्रारम्भिक बालशिक्षा सिद्धान्त र प्रयोग एक विश्लेषणात्मक अध्ययन,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र , शिक्षा शास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठ्माडौं ।

पाठ्यक्रम तथा मूल्याङ्कन विद्यार्थी समाज (२०६७), *पठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण,* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

आचार्य, बिस्ना (२०६७), *संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक वालविकास कक्षा शिक्षण सिकाइ क्रियाकलाप तुलनात्मक अध्ययन,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, शिक्षा शास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर ।

खतिवडा, लक्ष्मी (२०६३), *पूर्व प्राथमिक शिक्षाको प्रभाव एक अध्ययन,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, शिक्षा शास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जोशी, राधाकृष्ण (२०५४), *प्रारम्भिक वालशिक्षा,* काठमाडौं : युनियन प्रेस प्रा.लि. ।

युनेस्को (२००८), *नेपालमा प्रारम्भिक वालनीति पुनरावलोकन,* काठमाडौं, नेपाल ।

पोखल, मोहनमणि (२०६२),*प्रारम्भिक बाल्यअवस्था विकासको सिद्धान्त,* काठमाडौं : ए. बी. एस. प्रिन्टङ्ग प्रेस, बागबजार, काठमान्डौं ।

शर्मा, गोपीनाथ (२०६६), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु प्रकाशन गृह डिल्लीबजार ।

शर्मा, चिरन्जीबी एण्ड निर्मला शर्मा (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शिक्षा विभाग (२०६७), *प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका,* सानोठिमी, भक्तपुर : शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६६), *शिक्षा जगतको वार्षिक पत्रिका शिक्षा,* सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०६१), *नेपालमा प्रारम्भिक वालविकास सम्बन्धी रणनीतिक पत्र,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

श्रेष्ठ, प्रकाशमान (२०६४), *नेपालमा पाठ्यक्रम निर्माण तथा कार्यान्वयन,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

Gimire, Cholakanta (2000*) A study of cognitive & perceptual development of five year old children,* unpublished thesis, Faculty of Education, Tribhuvan University, kirtipur .

Aryal, Prem Narayan (2002*). A study of early childhood education programs in Nepal* , Faculty of Education, Banaras Hindu University, banaras.

DOE (2067), *Falsh I Report*, kathmandu.

अनुसूची - १

## प्र.अ. का लागि असंरचित अन्तर्वार्ता फारम

विद्यालयको नाम : मिति :

प्र. अ. को नाम :

शैक्षिक योग्यता :

तालिम :

विशिष्टिकरण :

(१) तपाईको विद्यालयम पूर्व प्राथमिक तह (प्ररम्भिक वालविकास कक्षा) को पाठ्यक्रम के छ ?

(२) तपाईको विद्यालयमा नेपाल सरकारले निर्धारण गरेको प्रारम्भिक वाल विकाश तहको पाठ्यक्रम उपलब्ध छ ?

(३) तपाईले यस तहको शैक्षिक उद्देश्य के के राख्नु भएको छ ?

(४) तपाईले यस तहको शैक्षिक उद्देश्य किन र कसरी राख्नु भएको हो ?

(५) प्रारम्भिक वालविकास दिग्दर्शनले तोकेका उद्देश्य कार्यान्वयन भएको छ कि छैन ?

(६) पुर्व प्राथमिक तहमा शिक्षण गराउने विषयवस्तु के के राख्नु भएको छ र किन ?

(७) प्रारम्भिक वाल विकास दिग्दर्शनले निर्धारण गरे बमोजिम कार्यान्वयन भएको छ ?

(८) के कस्ता शैक्षिक सामग्रीको व्यवस्था गर्नु भएको छ ?

(८) १) ती शैक्षिक सामग्रीहरु किन र कसरी व्यवस्था गर्नु भएको हो ?

(९) यदि छैनन भने शैक्षिक सामग्रीको उपलब्धताका लागि के पहल गर्नु भएको छ ?

(१०) शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता कस्तो छ ?

(११) वालवालिकाहरुको शारीरिक, मानसिक,संवेगात्मक तथा सामाजिक विकाश गराउन कस्ता क्रियाकलापहरु गराउनु हन्छ ?

(११) १) किन र कसरी गराउनु हुन्छ ?

(१२) प्रारम्भिक वालविकाश दिग्दर्शनले तोकेका क्रियाकलाप सबै कार्यान्वयन भएका छन कि छैन्न ?

(१३) यदि कार्यान्वयन भएका छैन्न भने कार्यान्वयनका लागि के रणनीति अपनाउनु भएको छ ?

(१४) यस तहका शिक्षकहरुको छनौट कसरी गर्नु हुन्छ ?

(१५) शिक्षक छनौटका आधारहरु के के होलान ?

(१६) यस तहमा अध्यापन गराउने शिक्षकलाई तालिम उपलब्ध गराउनु भएको छ कि छैन ?

(१७) यदि छैन भने यसको व्यवस्था कसरी मिलाउन हुन्छ ?

(१८) पूर्व प्राथमिक कक्षाको अनुगमन तथा निरिक्षण गर्नु भएको छ कि छैन ?

(१९) पूर्व प्राथमिक तहको वालवालिकाको मूल्याङ्कन गर्ने पविधि कस्तो अपनाउन भएको छ ?

(२०) पूर्व प्राथमिक तहको वालवालिकाको मूल्याङ्कन गर्ने पविधि किन कसरी अपनाउनह हन्छ ?

(२१) पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयन गर्दा आईपरेका समस्याहरु के के छन ?

(२२) ती समस्याहरुलाई कसरी समाधान गर्नु हुन्छ ?

(२३) पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन के के सुधारका उपाएहरु ऋपनाउनु भएको छ ?

अनुसूची - २

**(ख) १ शिक्षकका लागि असंरचित अन्तर्वार्ता फारम (अवलोकन पश्चात)**

विद्यालयको नाम :                                                                 मिति :

शिक्षकको नाम:

योग्यता :

विशिष्टिकरण :

तालिम :

(१) पूर्व प्राथमिक तहको शैक्षिक उद्देश्य राख्नु भएको छ कि छैन ?

(२)यदि छ भने के के उद्देश्य राख्नु भएको छ ?

(३) पूर्व प्राथमिक तहमा के कसरी शिक्षण गर्नु भएको छ ?

(४) के कस्ता विषयवस्तहरु समावेश गर्नु भएको छ ?

(५) पूर्व प्राथमिक तहका लागि यहाँ उपलब्ध शैक्षिक सामग्री पर्याप्त छ कि छै ?

(६) शैक्षिक सामग्री नहुँदा तथा प्रयोग नगर्दा विद्यार्थीहरुको सिकाइमा के कस्ता समस्या देखिएका छन ?

(७) ती समस्याहरुलाई कसरि समाधान गर्नु हन्छ ?

(८) यस तहका सबै वालवालिकाहरुलाई शिक्षण सिकाई क्रियाकलापमा कसरि सहभागि गराउनु हन्छ ?

(९) यस तहका सबै वालवालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक पक्षको विकास गर्न के के क्रियाकलाप गराउनु भएको छ ?

(१०) ती क्रियाकलापहरु प्रारम्भिक वालविकास दिग्दर्शनले निर्देशन गरे अनरुप छन कि छैन्न ?

(११) यदि छैन्न भने कसरी त्यसको व्यवस्थापन गर्नु हन्छ ?

(१२) पूर्व प्राथमिक तहका लागि उपलब्ध गराइएका भौतिक व्यवस्थापन पठनपाठन गराउन पर्याप्त छ कि छैन्न ?

(१३) यदि छैन्न भने त्यसको उचित व्यवस्थापनका लागि कसरी पहल गर्नु भएको छ ?

(१४) पूर्व प्राथमिक तहको मूल्याङ्कन गर्दा कस्तो प्रविधि अपनाउनु भएको छ ?

(१५) यस तहमा मूल्याङ्कनका लागि के कस्ता साधनको प्रयोग गर्नु भएको छ ?

(१६) यस तहको पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्या के के छन ?

(१७) पाठ्यक्रमलाई पभावकारी रुपमा कार्यान्वयन गराउन के के सुधारका उपायहरु अपनाउनु भएको छ ?

अनुसूची - ३

**(ख) २ शिक्षकका लागि असंरचित अन्तर्वार्ता फारम (अवलोकन पश्चात)**

विद्यालयको नाम : मिति :

शिक्षकको नाम:

योग्यता :

विशिष्टिकरण :

तालिम :

(१) पूर्व प्राथमिक तहको शैक्षिक उद्देश्य राख्नु भएको छ कि छैन ?

(२)यदि छ भने के के उद्देश्य राख्नु भएको छ ?

(३) पूर्व प्राथमिक तहमा के कसरी शिक्षण गर्नु भएको छ ?

(४) के कस्ता विषयवस्तहरु समावेश गर्नु भएको छ ?

(५) पूर्व प्राथमिक तहका लागि यहाँ उपलब्ध शैक्षिक सामग्री पर्याप्त छ कि छै ?

(६) शैक्षिक सामग्री नहुँदा तथा प्रयोग नगर्दा विद्यार्थीहरुको सिकाइमा के कस्ता समस्या देखिएका छन ?

(७) ती समस्याहरुलाई कसरि समाधान गर्नु हन्छ ?

(८) यस तहका सबै वालवालिकाहरुलाई शिक्षण सिकाई क्रियाकलापमा कसरि सहभागि गराउनु हन्छ ?

(९) यस तहका सबै वालवालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक पक्षको विकास गर्न के के क्रियाकलाप गराउनु भएको छ ?

(१०) ती क्रियाकलापहरु प्रारम्भिक वालविकास दिग्दर्शनले निर्देशन गरे अनरुप छन कि छैन्न ?

(११) यदि छैन्न भने कसरी त्यसको व्यवस्थापन गर्नु हन्छ ?

(१२) पूर्व प्राथमिक तहका लागि उपलब्ध गराइएका भौतिक व्यवस्थापन पठनपाठन गराउन पर्याप्त छ कि छैन्न ?

(१३) यदि छैन्न भने त्यसको उचित व्यवस्थापनका लागि कसरी पहल गर्नु भएको छ ?

(१४) पूर्व प्राथमिक तहको मूल्याङ्कन गर्दा कस्तो प्रविधि अपनाउनु भएको छ ?

(१५) यस तहमा मूल्याङ्कनका लागि के कस्ता साधनको प्रयोग गर्नु भएको छ ?

(१६) यस तहको पाठ्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्या के के छन ?

(१७) पाठ्यक्रमलाई पभावकारी रुपमा कार्यान्वयन गराउन के के सुधारका उपायहरु अपनाउनु भएको छ ।

अनुसूची - ४

**(ग) विद्यालयको भौतिक तथा शैक्षिक सामग्रीको व्यवस्थापन सम्बन्धि अवलोकन फारम**

**विद्यालयको नाम:** **मिति:**

| क्रं. सं. | शैक्षिक र भौतिक सामग्री | पर्याप्त | उपयुक्त | छैन | कैफियत |
|---|---|---|---|---|---|
| १ | **कक्षा कोठा**<br>- मेच<br>- टेवल<br>- डेक्स<br>- कार्पेट<br>- चकटी<br>- कालो पाटी<br>- सेतो पाटी | | | | |
| २ | **पुस्तकालय**<br>- वल पुस्तिकाहरु<br>- शिक्षक निर्देशिका<br>- प्रारम्भिक वालविकास पाठ्यक्र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | **शैक्षिक सामग्री**<br>- फलफूल, विभिन्न चरा, जनावरका चित्रहरु<br>-समुह मेलमिलमपका चित्र<br>- वर्णमाला<br>- ब्रश<br>- सियो धागो<br>- घण्टी<br>- रेडियो<br>- सिठी<br>- अक्षरपति<br>- काठका ब्लक<br>- गुडिया<br>- रङ्गीन कागज<br>- गम<br>- घडी<br>- मदल<br>- बल<br>- डोरी<br>- पिङ्ग<br>- चिप्लेटी<br>- सवारी साधनका चित्र<br>- चकलचुली<br>- अन्य | | | | |
| ४ | **अन्य व्यवस्था**<br>- खेल मैदान | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - बगैंचा<br>- शैचालयको व्यवस्था<br>- प्राथमिक उपचार<br>- पानीको व्यस्था | | | | |

अनुसूची - ५

**(घ) कक्षा अवलोकन फारम**

**(अ) शारीरिक पक्षको विकासको लागि गरिने क्रियाकलाप**

| क्रं. सं. | क्रियाकलापहरु | प्रयोग गरेको सामग्री | प्रयोग गरेको विधि |
|---|---|---|---|
| १ | हिड्ने, उफ्रने र कुद्ने | | |
| २ | एक खुट्टा टेकेर हिंड्ने तथा हात खुट्टा हिड्ने अभ्यास गराउने | | |
| ३ | फाल्ने र समाउने अभ्यास | | |
| ४ | चित्र कोर्ने तथा रङ्ग भर्ने अभ्यास गराउने | | |
| ५ | चढ्ने, ओर्लने अभ्यास गराउने | | |
| ६ | खेलाउने तथा चलाउने अभ्यास गराउने | | |
| ७ | कपडा तथा जुत्ता खोल्ने तथा लगाउने अभ्यास गराउने | | |

अनुसूची - ६

**आ) मानसिक पक्षको विकासको लागि गरिने क्रियाकलाप**

| **क्रं. सं.** | **क्रियाकलापहरु** | **प्रयोग गरेको सामग्री** | **प्रयोग गरेको विधि** |
|---|---|---|---|
| १ | बलबालिकाहरुले खाने गरेको चिजको स्वाद दिने तथा नयाँ चखाएर स्वाद सम्बन्धि अभ्यास | | |
| २ | वस्तु देखाएर विभिन्न रङ्ग, आकार, साइज सम्बन्धि अभ्यास | | |
| ३ | विभिन्न आवाज सम्बन्धि सुनाएर आवाज सम्बन्धि अभ्यास | | |
| ४ | वस्तुहरु छुन लगाएर स्पर्श चेतनाको अभ्यास | | |
| ५ | बौद्धिक विकास सम्बन्धि कथा, कविता, गीत, नाटक सुन्ने र भन्ने अभ्यास | | |
| ६ | घटनाक्रम पहिचान सम्बन्धि अभ्यास | | |
| ७ | वर्ण, संख्या र चिनेर खेल्ने अभ्यास | | |
| ८ | शरीरका विभिन्न अङ्गहरुको पहिचानमा अभ्यास | | |

अनुसूची - ७

**(इ) संवेगात्मक पक्षको विकासको लागि गरिने क्रियाकलाप**

| **क्रं. सं.** | **क्रियाकलापहरु** | **प्रयोग गरेको सामग्री** | **प्रयोग गरेको विधि** |
|---|---|---|---|
| १ | संवेगात्मक भाव व्यक्त हुने कथा, नाटक प्रस्तु गर्ने | | |
| २ | चित्र तथा आकृतिप्रतिको प्रतिक्रिया | | |
| ३ | मया, स्नेह र प्रेम गर्ने अभ्यास गराउने | | |
| ४ | स्वतन्त्र क्रियाकलाप तथा भाव व्यक्त गराउने | | |
| ५ | सुख दु: ख कुराकानी गर्ने,  गराउने चित्र | | |
| ६ | आफूलाई लागेको कुरा व्यक्त गर्ने | | |

अनुसूची - ८

**ई) सामाजिक पक्षको विकासको लागि गरिने क्रियाकलाप**

| **क्रं. सं.** | **क्रियाकलापहरु** | **प्रयोग गरेको सामग्री** | **प्रयोग गरेको विधि** |
|---|---|---|---|
| १ | सामुहिक प्रार्थना गराउने | | |
| २ | आफ्नो घर वरीपरीको सदस्यहरुको नाम भन्न लगाउने | | |
| ३ | आफ्नो वरीपरीको वातावरणमा भएको विभिन्न वस्तुहरु चिनाउने | | |
| ४ | पानीको धारा प्रयोग गर्दा पालो पर्खन अभ्यास गराउने | | |
| ५ | खनेकुरा खाँदा सफा सुग्घर सँग मिलेर खान अभ्यास गराउने | | |
| ६ | आपसि मेलमिलाप सम्बन्धि कथा, नाटक सुनाउने, प्रस्तुत गर्न लगाउने | | |
| ७ | सामुहिक रुपमा गीत गाउन लगाउने | | |
| ८ | अभिवादन तथा माया गर्न अभ्यास गराउने | | |
| ९ | शरिरका विभिन्न अङ्गहरुको पहिचान गर्ने अभ्यास | | |
| १० | समुहमा मिलेर छलफल गर्ने अभ्यास | | |
| ११ | शैचालय प्रयोग गर्दा पालो पर्खन अभ्यास गराउने | | |

अनुसूची - ९

(ङ) **लक्षित समूह छलफल (अभिभावकका लागि)**

(१) तपाईहरुको बच्चा विद्यालयमा सधैंजसो जान्छ कि जादैन ?

(२) तपाईहरुलाई विद्यालयमा बोलाईन्छ कि बोलाईदैन ?

(३) वर्षमा कती पटक विद्यालयमा तपाईहरुलाई बोलाईन्छ ?

(४) तपाईको बच्चाहरुलाई गृहकार्य दिइन्छ की दिईदैन ?

(५) बच्चाहरुलाई के कस्ता विषयवस्तुहरु विद्यालयमा पढाईन्छ ?

(६) बालवालिकाहरुको उमेर अनुसार ती विषयवतुहरु उपयुक्त छन की छैन्न जस्तो लाग्छ ?

(७) के कस्ता विषयवस्तुहरु पढाउँदा रामो हुन्छ जस्तो लाग्छ ?

(८) विद्यालयबाट बालबालिकाहरुले गरेको प्रगती देखि तपाईहरु सन्तुष्ट हुनुहुन्छ ।

अनुसूची - १०

**छनौटमा परेका विद्यालय तथा प्र. अ. को विवरण**

| क्रं. सं. | विद्यालयको नाम | प्र. अ. को नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री बालकल्याण नि. मा. वि. | प्रहलाद चौधरी | सन्तपुर (म.) - १ |
| २ | श्री सुवलाल भागवत उच्च मा. वि. | सुरेन्द्र प्रसाद सिंह | सन्तपुर (म.) - ४ |
| ३ | होली भीजन सेकेन्डरी बोर्डीङ्ग स्क’ल | कुल बहादुर थापा | सन्तपुर (म.) - ४ |
| ४ | तराई जोन ऐकेडेमी | दिर्घराज काफ्ले | सन्तपुर (म.) - ३ |

अनुसूची - ११

**छनौटमा परेका शिक्षकको विवरण विवरण**

| क्र. सं. | शिक्षकको नाम | शिक्षकको शैक्षिक योग्यता |
|---|---|---|
| १ | प्रभा कुमारी चौधरी | आइ. एड |
| २ | गोपिनी शर्मा | एस. एल. सी |
| ३ | संगीता दाहाल | आइ. एड |
| ४ | गंगा घिमिरे | आइ. एड |

अनुसूची - १२

**पूर्वा प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरुको विवरण** (बालकल्याण नि. मा. वि.)

| क्र. सं. | **बलबालिकाहरुको विवरण** |
|---|---|
| १ | विनोद यादव |
| २ | सुरज महतो |
| ३ | राज प्रेम चौधरी |
| ४ | प्रमिका कुमारी |
| ५ | राजाराम राम |
| ६ | रोमा कुमारी राम |
| ७ | सविन कमार चौधरी |
| ८ | करुण राम |

| | |
|---|---|
| ९ | गलेन्द्र चौधरी |
| १० | दिवाकर चौधरी (क) |
| ११ | सविना कुमारी चौधरी |
| १२ | अर्चना कुमारी चौधरी |
| १३ | सोहाना चौधरी |
| १४ | अमन कुमार चौधरी |
| १५ | लखिन्द्र साह |
| १६ | साईरस चौधरी |
| १७ | आरती चौधरी |
| १८ | लक्ष्मी चौधरी |
| १९ | दिवाकर चौधरी (ख) |
| २० | प्रिन्सी कुमारी चौधरी |
| २१ | एन्जल कुमार चौधरी |
| २२ | सुप्रिना कुमारी चौधरी |
| २३ | अनिषा कुमारी |
| २४ | सुधिर  यादव |
| २५ | कासिश कुमारी चौधरी |
| २६ | सपना चौधरी |
| २७ | अवोध राम |
| २८ | पुजा चौधरी |
| २९ | गान्धी मल्ली |

अनुसूची - १३

**पूर्वा प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरुको विवरण (श्री सुवलाल भागवत उच्च मा. वि.)**

| क्रं. सं. | बलबालिकाहरुको नाम |
|---|---|
| १ | विनोद चौधिरी |
| २ | दिनेश सापकोटा |
| ३ | रामपुकार पटेल |
| ४ | महेश आचार्य |
| ५ | अभियान तिमल्सिना |
| ६ | अंशु गौतम |
| ७ | रन्जना घिमिरे |
| ८ | सुरेन्द्र चौधरी |
| ९ | विक्की पासवान |
| १० | विनिता चौधरी |
| ११ | रोहित बन्जारा |
| १२ | सोवित भुजेल |
| १३ | आकांक्षा अधिकारी |
| १४ | शोभिता पटेल |
| १५ | निशा वस्नेत |
| १६ | अभिशेख चौधरी |
| १७ | विनय चौधरी |
| १८ | महेशी चौधरी |

| | |
|---|---|
| १९ | सम्रीद्धि दाहाल |
| २० | सविना आचार्य |
| २१ | समिर खड्का |
| २२ | सरोज यादव |
| २३ | नितु सिंह |
| २४ | सरिता चौधरी |

अनुसूची - १४

**पूर्वा प्राथमिक तहमा अध्ययनरत बालबालिहरुको विवरण ( होलि भिजन सेकेन्डरी बोडीङ्ग स्कुल)**

| **क्रं. सं.** | **बलबालिकाहरुको नाम** |
|---|---|
| १ | स्नेहा गौतम |
| २ | जीवन सापकोटा |
| ३ | अंशु घिमिरे |
| ४ | सामना बजगाइ |
| ५ | अभिषेक दाहाल |
| ६ | रन्जु चौधरी |
| ७ | श्याम चौधरी |
| ८ | रमिला पासवान |
| ९ | योगेश साह |
| १० | मनोज चौधरी |
| ११ | सविना खरेल |
| १२ | अनुराग घिमिरे |
| १३ | मिलन सापकोटा |
| १४ | सविन सापकोटा |
| १५ | लालबाबु चौधरी |
| १६ | आकाश तिमल्सिना |
| १७ | राजन सापकोटा |
| १८ | सदिक्षा थापा |

अनुसूची - १५

**पूर्वा प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरुको विवरण ( तराई जोन एकेडेमी)**

| **क्रं. सं.** | **बलबालिकाहरुको नाम** |
|---|---|
| १ | रिदम सापकोटा |
| २ | सदिक्षा दुलाल |
| ३ | रोतिशा न्यौपाने |
| ४ | रविना कार्की |
| ५ | सवृद्धि बस्ने |
| ६ | मेहराज खतिवडा |
| ७ | पुजन सापकोटा |
| ८ | रविना सापकोटा |
| ९ | सविना वि. क. |
| १० | अनुभव राउत |
| ११ | रोशन फयल |
| १२ | विवेक काकी |
| १३ | सलिना सापकोटा |
| १४ | समिक्ष बजगाई |
| १५ | सलिना फयल |
| १६ | सफल खतिवडा |
| १७ | आकाश न्यौपाने |
| १८ | विजय यादव |
| १९ | विराज गौतम |

अनुसूची - १६

**लक्षित समूह छलफलमा सहभागि अभिभावकहरु (बालकल्याण नि. मा. वि.)**

| **क्रं. सं.** | **अभिभावकको नाम** |
|---|---|
| १ | मन्तोष कुमार चौधरी |
| २ | लालबाबु चौधरी |
| ३ | महेशी चौधरी |
| ४ | दिपेन्द्र चौधरी |
| ५ | दिपेन्द्र चौधरी |
| ६ | अनुठा राम यादव |
| ७ | सोगारथ मल्ली |

अनुसूची - १७

**लक्षित समूह छलफलमा सहभागि अभभावकहरुको विवरण (श्री सुवलाल भागवत उच्च मा. वि.)**

| **क्रं. सं.** | **अभिभावकहरुको नाम** |
|---|---|
| १ | दिनेश खड्का |
| २ | राकेश चौधरी |
| ३ | सिताराम पटेल |
| ४ | महेश अधिकारी |
| ५ | राज किशोर चौधरी |
| ६ | अम्बिका दाहाल |
| ७ | अशोक वस्नेत |
| ८ | अशोक चौधरी |

अनुसूची - १८

**लक्षित समूह छलफलमा सहभागि अभभावकहरुको विवरण (होलि भिजन सेकेन्डरी बोडीङ्ग स्कुल)**

| **क्रं. सं.** | **अभिभावकहरुको नाम** |
|---|---|
| १ | कृष्ण प्रसाद गौतम |
| २ | माधव खनाल |
| ३ | यादव घिमरे |
| ४ | जनक चौधरी |
| ५ | नारायण घिमिरे |
| ६ | विवेक चौधरी |
| ७ | भिमसेन दुलाल |

अनुसूची - १९

**लक्षित समूह छलफलमा सहभागि अभिभावकहरुको विवरण (तराई जोन एकेडेमी)**

| **क्रं. सं.** | **अभिभावकहरुको नाम** |
|---|---|
| १ | रमेश सापकोटा |
| २ | मोहन बस्नेत |
| ३ | प्रमिला सापकोटा |
| ४ | राजु फयल |
| ५ | दिपेन्द्र चौधरी |
| ६ | मनोज खतिवडा |
| ७ | रन्जु राउतद |
| ८ | प्रमोद के. सी |
| ९ | सहदेव सापकोटा |